कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र सञ्चालित

**हिमालयन पावर पार्टनर लिमिटेड**

**Himalayan Power Partner Ltd.**

रजिष्ट्र्ड (केन्द्रिय) कार्यालय : का.म.न.पा. वडा नं. ३, महाराजगञ्ज, काठमाण्डौं ।

फोन नं.: ९७७-०१-४००२८०१ फ्याक्स नं.: ९७७-०१-६२१७९८४

इमेल:hpphydro@gmail.com, वेभसाईट : http://www.hpp.com.np

**को**

**(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)**

# "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु"

कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी १,०६,५४,१७,०००।- (अक्षरेपी रु.एक अर्ब छ करोड चौवन्न लाख सत्र हजार मात्र) बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।-दरको १,०६,५४,१७० (एक करोड छ लाख चवन्न हजार एक सय सत्तरी) कित्ता साधारण शेयरको एक कित्ता साधारण शेयर बराबर शुन्य दशमलव पाँच कित्ता शेयर (१ : ०.५) अर्थात विद्यमान १ किता साधारण शेयर बराबर नयाँ ०.५ कित्ता साधारण शेयरको अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.५३,२७,०८,५००।०० (अक्षरेपी रु.त्रिपन्न करोड सत्ताईस लाख आठ हजार पाँच सय मात्र) बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।-दरको ५३,२७,०८५ (त्रिपन्न लाख सत्ताईस हजार पचासी) कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

**संक्षिप्त वित्तीय विवरण :**

| विवरण | वास्तविक | | | आ.व.२०८२/०८३ पौष मसान्त सम्मको अपरिष्कृत वित्तीय विवरण** | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७९/०८० | आ.व. ०८०/०८१ | आ.व. ०८१/०८२* | | आ.व. ०८२/०८३ | आ.व. ०८३/०८४ | आ.व. ०८४/०८५ |
| प्रति शेयर आम्दानी (रु.) | (१७.८२) | (२४.६३) | ६.६८ | १०.०५ | १०.४३ | १५.१४ | १७.४५ |
| प्रति शेयर नेटवर्थ (रु.) | १३३.९१ | १०९.२९ | ११५.९७ | १२६.०२ | १२०.९७ | १३५.९६ | १४८.२३ |
| नाफा/नोक्सान (रु. हजारमा) | (१,८९,८५२) | (२,६२,३५५) | ७१,२०५ | १,०७,०३७ | १,६६,६८७ | २,४१,९३७ | २,७८,८३२ |
| सञ्चित मुनाफा (नोक्सान) (रु.हजारमा) | ३,६१,३०९ | ९८,९५४ | १,७०,१५९ | २,७७,१९६ | ३,३५,१७८ | ५,७४,६९५ | ७,७०,८२८ |

* आ.व. २०८१/०८२ को लेखापरिक्षक भएको वित्तीय विवरण कम्पनीको बाह्य लेखापरिक्षक पि.वाई.सी.एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स, पुतलीसडक, काठमाण्डौंबाट प्रमाणित गरिएको र कम्पनीको साधारणसभामा प्रस्तुत हुन बाँकि रहेको ।

** आ.व. २०८२/०८३ पौष मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण कम्पनीको बाह्य लेखापरिक्षक पि.देवकोटा एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स, बुद्धनगर, काठमाण्डौं तथा कम्पनीको व्यवस्थापनबाट प्रमाणित गरिएको ।

२७ मे.वा. क्षमताको दोर्दी खोला जलविद्युत आयोजनाको प्रवर्द्धक यस हिमालयन पावर पार्टनर लिमिटेडले हकप्रद शेयर निष्काशनका लागि मिति २०८१/०८/०४ मा पेश गरेको निवेदन बमोजिम नेपाल सरकारको विद्युत क्षेत्रको नियामक निकाय विद्युत नियमन आयोगबाट मिति २०८२/०३/१५ गतेको पत्रबाट कम्पनीको हालको चुक्ता पूँजी रु.१,०६,५४,१७,०००।- (अक्षरेपी रु.एक अर्ब छ करोड चौसठ्ठी लाख सत्र हजार मात्र) को १: ०.५ (एक शेयर बराबर शुन्य दशमलब पाँच) को अनुपातमा हकप्रद शेयर जारी गर्न स्वीकृति प्रदान गरेको छ ।

**आयोजनाको नाम : दोर्दी खोला जलविद्युत आयोजना, जडित क्षमता: २७ मेगावाट, आयोजनाको विद्युत उत्पादन अनुमतिको बाँकि अवधि : २०.९९ वर्ष**

## निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७४ अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को **दफा (स) (पृष्ठ नं. ३०-३१)** मा प्रस्तुत गरेका छौं ।

## नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण :

यस हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरुमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथ विवरणहरुलाई धितोपत्र सम्बन्धी कानुन बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरुमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरुमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

## लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मुल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सुचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मुल्य नजनाउने हुँदा यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को **दफा (थ) (पृष्ठ नं. २२)** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

## निष्काशनकर्ता कम्पनीको रेटिङ्ग सम्बन्धी विवरण :

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको निष्काशन गर्नका लागि नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल काठमाण्डौंले मिति २०८२ फागुन २८ (तदनुसार मार्च १२,२०२६) गते "CARE-NP BB-(Is)" रेटिङ्ग प्रदान गरेको छ । जसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा औषत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) जनाउँदछ । केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (IS) (देखि CARE-NP D (IS) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ । जसमा CARE-NP AAA (IS) ले बलियो आधार जनाउँछ भने CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ । CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउँछ । आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समुहको तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ । सो रेटिङ्गको वैधता मिति २०८२/११/२८ गतेदेखि मिति २०८३/११/२१ गतेसम्म रहनेछ । सो सम्बन्धी विवरण यस विवरणको **दफा (व) (पृष्ठ नं. २९)** मा उल्लेख गरिएको छ।

**रेटिङ्ग प्रदान गरेको मिति : वि.सं. २०८२/११/२८ (मार्च १२, २०२६)** **रेटिङ्ग बहाल रहने अवधि : वि.सं. २०८३/११/२१ (मार्च ०५, २०२७)**

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृत प्राप्त मिति : २०८२/११/२५ कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता मिति : २०८२/१२/०६

धितोपत्र निष्काशन खुल्ला हुने मिति : २०८३/०१/१७ निष्काशन बन्द हुने मिति : २०८३/०२/०६

## धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :

Global IME Capital Limited

ग्लोबल आइएमई क्यापिटल लिमिटेड

पो.ब.नं.२१५९९, वडा नं. १, नक्साल, काठमाण्डौं

फोन नं. : ०१-५९७०१३८ फ्याक्स नं.: ०१-४५४५७०२

**Email:** info@gicl.com.np **Website:** www.globalimecapital.com

**"हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु" मा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

**(क)** **"हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु"** भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ ।

**(ख)** **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (क) वमोजिमको कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौंलाई सम्झनु पर्दछ ।

**(ग)** "**संगठित संस्था/कम्पनी"** भन्नाले निष्काशनकर्ता कम्पनी हिमालयन पावर पार्टनर लिमिटेडलाई सम्झनु पर्दछ ।

**(घ)** **"संस्थापक संगठित संस्था"** भन्नाले हिमालयन पावर पार्टनर लिमिटेडमा संस्थापक शेयर धारण गर्ने कम्पनीहरु सम्झनु पर्दछ ।

**(ङ)** **"धितोपत्र"** भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, वण्ड, डिवेन्चर, डिवेन्चर स्टक वा सामुहिक लगानी योजना सम्बन्धी प्रमाणपत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, वचतपत्र वा वण्ड सम्झनु पर्दछ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय गर्न सक्ने अधिकारपत्र समेतलाई जनाउँदछ ।

**(च)** **"संकलन केन्द्र"** भन्नाले निष्काशन तथा बिक्री प्रबन्धक, निष्काशनकर्ता कम्पनी, धितोपत्र निष्काशनको क्रममा आवेदन फाराम वितरण गर्न तथा आवेदन बुझिलिन मञ्जुर गरी निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गर्ने बैंक, वित्तीय संस्था, मर्चेन्ट बैकर वा आस्वा प्रणालीमा सहभागी बैंक तथा वित्तीय संस्थाहरु सम्झनु पर्दछ।

**(छ)** **"निष्काशन बैंक"** भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने वाणिज्य बैंक तथा राष्ट्रियस्तरको विकास बैंक सम्झनु पर्दछ ।

**(ज)** **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय र विद्युत नियमन आयोगलाई सम्झनु पर्दछ ।

(झ) **"संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले हिमालयन पावर पार्टनर लिमिटेडका संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन सम्झनु पर्दछ ।

**(ञ)** **"बोर्ड"** भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

**(ट)** **"आस्वा सदस्य"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट आस्वा सदस्यता लिएका बैंक तथा वित्तीय संस्था सम्झनु पर्दछ ।

**(ठ)** **"वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेतलाई जनाउँदछ ।

**(ड)** **"खुद सम्पत्ति (नेटवर्थ"** भन्नाले नेपाल वित्तीय प्रतिवेदन मान अनुसार संगठित संस्थाको शेयरको चुक्ता पुँजी तथा जगेडा कोषहरुको कूल जोडमा सञ्चित नोक्सानीको कूल रकम र अपलेखन गर्न बाँकि स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकि रहन जाने खुद सम्पत्ती (नेटवर्थ रकम सम्झनु पर्छ ।

**(ढ)** **"प्रति शेयर आम्दानी"** भन्नाले कम्पनीको खुद नाफालाई जम्मा कायम साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई जनाउँदछ ।

**(ण)** **"नगद प्रवाह"** भन्नाले आयोजना बाट प्राप्त हुने खुद नाफामा ह्रास कट्टी तथा एमोर्टाइजेसन जोडी कार्यशिल पूँजीमा भएको परिवर्तन (चालु पूँजी - चालु दायित्व) तथा पूँजीगत खर्चहरु घटाउँदा आउने परिणामलाई जनाउँदछ ।

## "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

**(क) संगठित संस्थाको नाम :** हिमालयन पावर पार्टनर लिमिटेड (Himalayan Power Partner Limited)

**(ख) संगठित संस्थाको रजिष्टर्ड कार्यालय :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, वडा नं.३, महाराजगञ्जमा रहेको छ । आवश्यकतानुसार स्वीकृति लिई अन्य स्थानहरुमा पनि रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय खोल्न सकिनेछ ।

**(ग) कारोवार स्थान :** यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा., वडा नं ३, महाराजगञ्ज, काठमाण्डौं तथा यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र लमजुङ जिल्लाको बेसीशहर नगरपालिका वडा नं. ११, चितीमा रहेको छ ।

**(घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्यः**

**(१) कम्पनीको संक्षिप्त परिचय :** कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त ईतिहास देहाय बमोजिम रहेको छ :

**(क)** नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी सम्भाव्यता अध्ययन, निर्माण र सञ्चालन गर्ने हेतुले नेपाली निजी क्षेत्रका उद्यमीहरु मिलेर हिमालयन पावर पार्टनर लिमिटेड वि.सं.२०६१ साल जेष्ठ २९ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको (प्रा.लि.नं.२८७१६/०६०/०६१) रुपमा दर्ता भई कारोबार सञ्चालनमा आएको हो । यस कम्पनीमा व्यापक जनसहभागीता विस्तार गर्ने हेतुले वि.सं.२०७० साल आषाढ २३ मा पब्लिक लिमिटेड कम्पनी (पब्लिक लि.नं. ११४८५८/०७०/०७१) मा परिणत गरिएको हो ।

**(ख)** कम्पनीले दोर्दीखोलामा आयोजना निर्माण, उत्पादन तथा सञ्चालन गर्न नेपाल सरकार उर्जा मन्त्रालय (तत्काल जलस्रोत मन्त्रालय) बाट मिति वि.सं.२०६८ असार २३ गते विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गरेको र उक्त अनुमतिपत्रको अवधि वि.सं.२१०३ असार २२ गतेसम्म बहाल रहनेछ ।

**(ग)** कम्पनीले दोर्दीखोलाको पानी उपयोग गरी २७ मेगावाट क्षमताको दोर्दीखोला जलविद्युत आयोजना निर्माण गर्न वि.सं. २०७१ साल पुष महिनादेखि निर्माण कार्य शुरु गरी मिति २०७९ आश्विन १४ गतेबाट निर्माण सम्पन्न भई विद्युत उत्पादन भएको हो । तर नेपाल विद्युत प्राधिकरणबाट निर्माण सम्पन्न हुनुपर्ने मर्स्याङ्गदी कोरीडोर प्रशारण लाईनको काम सम्पन्न नभएको कारण Contingecy Plan (नेपाल विद्युत प्राधिकरणको Dispatch Instruction को आधारमा विद्युत उत्पादन गर्नु पर्ने अवस्था) को शत प्रतिशत क्षमतामा विद्युत उत्पादन गर्न सक्षम भएता पनि व्यापारिक उत्पादन शुरु गरेको मिति १४ आश्विन २०७९ देखि नै नेपाल विद्युत प्राधिकरणको निर्देशन बमोजिम कम क्षमतामा सञ्चालन गर्नु परेकाले नोक्शानी व्यहोर्नुपरेको अवस्था छ। कम्पनीको निरन्तरको प्रयास पछि मिति २०८१/०२/०१ गतेदेखि मात्र बैकल्पिक व्यवस्था परिमार्जन गरी Dispatch Instruction हटाउने व्यवस्था गरिएको छ ।

**(घ)** कम्पनीले निर्माण गरेको दोर्दी खोला जलविद्युत आयोजनाबाट उत्पादन भएको विद्युत शक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच वि.सं. २०६९ साल असार १ गते विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भएको हो । यो विद्युत खरिद बिक्री सम्झौता अनुसार आयोजनाले व्यापारिक उत्पादन शुरू हुने मिति (Commercial Operation Date) वि.सं.२०७९ आश्विन १४ गतेदेखि ३० (तीस) वर्ष वा विद्युत् उत्पादन अनुमतिपत्र (Generation License) को अवधि वि.सं.२१०३ असार २२ गतेमध्ये जुन घटी छ, सो समयसम्म कायम रहनेछ। सम्झौताको अवधि पूरा भएपछि दुवै पक्षको सहमतिबाट सम्झौता नवीकरण गर्न सकिने व्यवस्था रहेको छ ।

**आयोजनाको संक्षिप्त विवरण :**

विद्युत परियोजनाको नाम : दोर्दी खोला जलविद्युत आयोजना ।
विद्युत गृह स्थल : लमजुङ जिल्लाको बेसीशहर नगरपालिका वडा नं. ११ चिती ।
श्रोत नदी : दोर्दी खोलाको पानी ।
आयोजनाको किसिम : रन अफ रिभर ।
विद्युत उत्पादन अनुमति प्राप्त मिति : वि.सं.२०६८ असार २३ गते ।
विद्युत उत्पादन अनुमति बहाल रहने मिति : वि.सं.२१०३ असार २२ गते ।
आयोजनाको निर्माण प्रारम्भ मिति : वि.सं.२०७१ पुष महिना
व्यापारिक उत्पादन शुरु मिति : वि.सं.२०७९ आश्विन १४ गते ।
विद्युत उत्पादन अनुमति बाँकी अवधि : २०.९९ वर्ष ।
जडित क्षमता : २७ मेगावाट ।
आयोजनाको कुल लागत : रु.५,२५,८०,००,०००।००
आयोजनाको लागि उपयोग गरेको कुल ऋण रकम : रु.४,२०,६२,३०,३६०।००

**आयोजना सम्बन्धी अन्य वित्तीय विवरणहरु :**

| विवरण | रकम (रु.) |
|---|---|
| आयोजनाको कूल लागत | ५,२५,८०,००,०००।०० |
| प्रति मेगावाट लागत | १९,४७,४०,७४०।०० |
| बैंकबाट स्वीकृत कूल ऋण | ४,३१,३०,७०,०००।०० |
| कूल इक्विटी | १,०६,५४,१७,०००।०० |
| सञ्चालकहरुबाट प्राप्त ऋण | – |
| भुक्तानी गर्न बाँकि कूल बैंक ऋण (२०८२ पुष मसान्त) | ४,०८,०१,०१,८८३।०० |
| आयोजना सम्पन्न (प्रतिशत) | १०० |

**आयोजनाको मिति २०८२ पुष मसान्तसम्मको कार्य प्रगति विवरण निम्नानुसार रहेको छ :-**

| विवरण | कार्य प्रगति | प्रतिशत |
|---|---|---|
| मिति २०७९ आश्विन १४ गतेदेखि आयोजना सञ्चालनमा आएको । | निर्माण कार्य सकिएको | १०० |

**विद्युत खरिद मुल्यदर**

नेपाल विद्युत प्राधिकरणसँग भएको सम्झौता अनुसार प्राधिकरणले निम्न तालिकामा उल्लेख अनुसार विद्युत उर्जा खरिद दर कायम गरेको छ :-

| अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरि) | सुख्खा याम (पुष देखि चैत्र सम्म) (रु. प्रति युनिट) | वर्षा याम (वैशाख देखि मार्ग सम्म) (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म | ८।४० | ४।८० |
| १३ औं महिना देखि २४ औं महिनासम्म | ८।६५ | ४।९४ |
| २५ औं महिना देखि ३६ औं महिनासम्म | ८।९१ | ५।०९ |
| ३७ औं महिना देखि ४८ औं महिनासम्म | ९।१८ | ५।२५ |
| ४९ औं महिना देखि ६० औं महिनासम्म | ९।४५ | ५।४० |
| ६१ औं महिना देखि ७२ औं महिनासम्म | ९।७४ | ५।५६ |
| ७३ औं महिना देखि ८४ औं महिनासम्म | १०।०३ | ५।७३ |
| ८५ औं महिना देखि ९६ औं महिनासम्म | १०।३३ | ५।९० |
| ९७ औं महिना देखि सम्झौताको अवधि सम्म | १०।६४ | ६।०८ |

तर व्यापारिक उत्पादन शुरु हुनुपर्ने मिति (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति (COD) ढिलो हुन गएमा निम्नानुसार वार्षिक मूल्यवृद्धि हुनेछ :

(क) (RCOD) को तुलनामा (COD) १२ महिना भन्दा बढी २४ महिनासम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्यवृद्धि हुनेछ ।

(ख) (RCOD) को तुलनामा (COD) २४ महिना भन्दा बढी ३६ महिनासम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्यवृद्धि हुनेछ ।

(ग) (RCOD) को तुलनामा (COD) ३६ महिना भन्दा बढी ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्यवृद्धि हुनेछ ।

(इ) प्राधिकरणले खरिद गरी लिने अतिरिक्त ऊर्जा (Excess Energy) को हकमा विद्युत खरिद-बिक्री सम्झौताको दफा १२.१ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले सोही अनुसार भुक्तानी गर्ने छ ।

(ई) कम्पनीले जलविद्युत आयोजनामा जडित मेशिन औजारहरु तथा अन्य उपकरणहरुको पुनर्स्थापना मूल्यभन्दा कम नहुने गरी र प्रचलित कानून बमोजिम गर्नुपर्ने सबै प्रकारका बीमाहरु गरेको छ ।

**कम्पनी र नेपाल विद्युत प्राधिकरणका बीच सम्पन्न विद्युत खरिद बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् :**

(अ) दोर्दीखोला जलविद्युत आयोजनाबाट वार्षिक १४,२३,१९,०३२ किलोवाट घण्टा विद्युत उत्पादन तथा बिक्री गरिने मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । यसमा वर्षायामको कूल इनर्जी १२,०९,५१,९४८ किलोवाट घण्टा र सुख्खायामको कूल इनर्जी २,१३,६७,०८४ किलोवाट घण्टा निर्धारण गरिएको छ

(आ) विद्युतको खरिद मूल्य वर्षायाममा प्रति कि.वा. घण्टा रु.४।८० (चार रुपैया असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु.८।४० (आठ रुपैया चालीस पैसा मात्र) तोकिएको छ । यो खरिद दरको लागि व्यापारिक उत्पादन शुरु हुने मितिबाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरि वार्षिक ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म मुल्यवृद्धि हुने छ ।

**प्रसारण लाईन तथा प्राविधिक सम्बन्धी विवरण:**

परियोजनाबाट उत्पादन हुने विद्युतशक्ति आयोजनास्थलबाट ३ कि.मी. दुरीमा रहेको लमजुङ जिल्ला, बेसीशहर नगरपालका वडा नं. १ उदिपुरस्थित सबस्टेशन लाइन मार्फत नेपाल विद्युत प्रधिकरणको केन्द्रीय प्रसारण लाईनमा जोडिइसकेको छ ।

| | |
|---|---|
| सबस्टेशनको नाम | उदिपुर |
| सबस्टेशन स्थल | बेसीशहर नगरपालिका वडा नं. १ उदिपुर, लमजुङ |
| दुरी | ३ कि.मी. |
| क्षमता | १३२ के.भि.(Single Circuit) |
| पोलसंख्या | ९ |

**आयोजनाबाट उत्पादित विद्युत परिमाण, बिक्री दर तथा आय सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :**

| **महिना** | **विद्युत उत्पादन क्षमता प्रतिकि.वा. (Contract Energy)** | **बिक्री रकम (रु.)** |
|---|---:|---:|
| १४ आश्विन देखि ३१ आश्विन २०७९ | ५,००,२०,९८९ | १,३५,२३,८२४।०० |
| कार्तिक २०७९ | १,२१,५०,७६८ | २,३५,८७,४३०।०० |
| मंसिर २०७९ | ८२,२०,६८१ | ४,००,८७,५६२।०० |
| पुष २०७९ | ६३,१४,४९७ | ५,६३,७८,५१५।०० |
| माघ २०७९ | ५०,२५,८६५ | ४,३५,२४,९६५।०० |
| फाल्गुन २०७९ | ४९,४३,४३४ | ४,०४,०९,८२५।०० |
| चैत्र २०७९ | ५०,८३,२८७ | ४,२४,०९,७५७।०० |
| बैशाख २०८० | ७५,००,९५९ | २,७०,३३,०४०।०० |
| जेठ २०८० | १,६९,८५,०३२ | ४,१०,७१,७५९।०० |
| आषाढ २०८० | १,९०,०३,०७२ | २,६३,४६,५२०।०० |
| श्रावण २०८० | १,९६,१६,०७४ | २,७८,८५,४८५।०० |
| भाद्र २०८० | १,९०,०३,०७२ | २,४६,३७,८९८।०० |
| आश्विन २०८० | १,८३,९०,०७० | ४,६२,८९,३९१।०० |
| कार्तिक २०८० | १,२१,५०,७६८ | ३,८१,३०,०३४।०० |
| मंसिर २०८० | ८५,०४,१५३ | ४,५५,८६,८३३।०० |
| पुष २०८० | ६१,०४,०१४ | ५,६५,६१,०९८।०० |
| माघ २०८० | ५०,२५,८६५ | ४,४५,८६,२९७।०० |
| फाल्गुन २०८० | ४९,४३,४३४ | ३,७३,८३,९३१।०० |
| चैत्र २०८० | ५०,८३,२८७ | ४,१२,०२,६८९।०० |
| बैशाख २०८१ | ७५,००,९५९ | २,६९,३९,५१८।०० |
| जेठ २०८१ | १,६९,८५,०३२ | ३,८७,५१,४४८।०० |
| आषाढ २०८१ | १,९०,०३,०७२ | ८,६५,४६,२५२।०० |
| श्रावण २०८१ | १,९६,१६,०७४ | ९,६९,०३,४०७।०० |
| भाद्र २०८१ | १,९०,०३,०७२ | ८,७३,६३,२०८।०० |
| आश्विन २०८१ | १,८३,९०,०७० | ९,०५,६०,१२०।०० |
| कार्तिक २०८१ | १,२१,५०,७६८ | ६,१८,४७,४०९।०० |
| मंसीर २०८१ | ८५,०४,१५३ | ४,४९,१०,८८५।०० |
| पुष २०८१ | ६१,०४,०१४ | ५,३८,३०,२६४।०० |
| माघ २०८१ | ५०,२५,८६५ | ४,४४,०१,६६४।०० |
| फाल्गुन २०८१ | ४९,४३,४३४ | ३,७०,९१,७९१।०० |
| चैत्र २०८१ | ५०,८३,२८७ | ४,१८,२१,५५७।०० |
| बैशाख २०८२ | ७५,००,९५९ | २,५४,२८,८२१।०० |
| जेठ २०८२ | १,६४,५४,२५० | ६,०२,३९,४२४।०० |
| आषाढ २०८२ | १,९६,१६,०७४ | ९,९७,९३,८२३।०० |
| श्रावण २०८२ | १,९०,०३,०७२ | ७,३२,६६,१९८।०० |
| भाद्र २०८२ | १,९०,०३,०७२ | ७,६२,५६,०१५।०० |
| आश्विन २०८२ | १,९०,०३,०७२ | ६,६५,२७,८३७।०० |
| कार्तिक २०८२ | १२,१५०,७६८ | ६,३७,९१,५३२।०० |
| मंसिर २०८२ | ८२,२०,६८१ | ४,६७,४२,६८९।०० |
| पुष २०८२ | ६३,१४,४९७ | ७,१६,७०,९०८।०० |
| **जम्मा** | | **२,०१,१३,२१,६२१।००** |

**कम्पनीको प्रारम्भिक सार्वजनिक निष्कासन, लकईन अवधि र सार्वजनिक निष्कासन गर्दाको पूँजीको उपयोगको विवरण देहाय अनुसार रहेको छ :**

- यस कम्पनीले सर्वसाधारणमा शेयर निष्कासन गर्ने सिलसिलामा पहिलो चरणमा आयोजना प्रभावित क्षेत्र लमजुङ जिल्लाका बासिन्दाहरुलाई प्रति शेयर अंकित मूल्य रु.१००।- दरको १०,६५,४१७ कित्ता शेयर मिति २०७३/१०/१७ गतेदेखि निष्कासन बन्द छिटोमा मिति २०७३/११/०२ गते र ढिलोमा मिति २०७३/११/१७ गते हुने गरी बिक्री खुल्ला गरिएकोमा उक्त शेयरको बाँडफाँट मिति २०७३/१२/०९ गते सम्पन्न भएको थियो । अन्य सर्वसाधारण (सामुहिक लगानी कोष र कम्पनीका कर्मचारी समेत) को लागि प्रति शेयर अंकित मूल्य रु.१००।- दरको १०,६५,४१७ कित्ता शेयर मिति २०७४/०३/०१ गतेदेखि मिति २०७४/०३/०५ गतेसम्म बिक्री खुल्ला गरिएकोमा उक्त शेयरको बाँडफाँट मिति २०७४/०४/०४ गते सम्पन्न भएको थियो । त्यसैगरी, आयोजना प्रभावित क्षेत्र लमजुङ जिल्लाका बासिन्दा र अन्य सर्वसाधारण (सामुहिक लगानी कोष तथा कम्पनीका कर्मचारी समेत) का लागि बाँडफाँट गरिएको शेयर नेपाल स्टक एक्सचेञ्ज लि.मा मिति २०७४/०४/२६ गते सूचीकरण भएको थियो ।
- कम्पनीको प्रारम्भिक सार्वजनिक निष्कासन गर्दा आयोजना प्रभावित क्षेत्रका बासिन्दा र कम्पनीका कर्मचारीलाई निष्कासन गरेको शेयरको लकईन अवधि सर्वसाधारणमा शेयर बाँडफाँट भएको मिति २०७४/०४/०४ गतेदेखि ३ वर्षसम्म रहेको र मिति २०७७/०४/०३ मा लकईन अवधि समाप्त भएको छ। त्यसैगरी कम्पनीका संस्थापक शेयरधनीको लकईन अवधि पनि मिति २०७७/०४/०३ मा समाप्त भएको छ ।
- कम्पनीले प्रारम्भिक सार्वजनिक निष्कासन गर्दा तत्कालिन अवस्थामा कायम रहेको आफ्नो जारी पूँजी रु.१,०६,५४,१७,०००।- को ३० प्रतिशतले हुने रु.३१,९६,२५,१००।- बराबरको प्रति शेयर अंकित मूल्य रु. १००।- दरको ३१,९६,२५१ कित्ता शेयर सर्वसाधारणमा निष्कासन गरेको र सार्वजनिक निष्कासन पश्चात् प्राप्त भएको शेयर पूँजी बापतको रकम रु.३१,९६,२५,१००।- नेपाल धितोपत्र बोर्डबाट सार्वजनिक निष्कासनको लागि स्वीकृत विवरणपत्रमा उल्लेख भए बमोजिम जलविद्युत निर्माण कार्यको लागि उपयोग गरिएको छ । सो सम्बन्धमा कम्पनीको मिति २०८२/१०/०९ बसेको बैठकले मा बसेको ७४ औं बैठकले सार्वजनिक निष्कासन पश्चात् प्राप्त भएको शेयर पूँजी बापतको रकम बोर्डबाट स्वीकृत विवरणपत्रमा उल्लेख भए बमोजिम जलविद्युत निर्माण कार्यको लागि उपयोग भएको ठहर गरेको छ ।

**कम्पनीको हालको अवस्था, आगामी रणनीतिहरु र हकप्रद जारी पश्चात् कम्पनीमा देखिने प्रभावहरु :**

**कम्पनीको हालको अवस्था** : यस कम्पनीको मुख्य लगानी रहेको दोर्दी खोला जलविद्युत आयोजना नेपाल विद्युत प्राधिकरणबाट निर्माण सम्पन्न हुनुपर्ने मर्स्याङ्दी कोरीडोर प्रशारण लाईनको काम सम्पन्न नभएको कारण Contingecy Plan (नेपाल विद्युत प्राधिकरणको Dispatch Instruction को आधारमा विद्युत उत्पादन गर्नु पर्ने अवस्था) को शत प्रतिशत क्षमतामा विद्युत उत्पादन गर्न सक्षम भएता पनि व्यापारिक उत्पादन शुरु गरेको मिति १४ आश्विन २०७९ देखि नै नेपाल विद्युत प्राधिकरणको निर्देशन बमोजिम कम क्षमतामा सञ्चालन गर्नु परेकाले नोक्शानी व्यहोर्नुपरेको अवस्था छ । कम्पनीको निरन्तरको प्रयास पछि मिति २०८१/०२/०१ गतेदेखि मात्र वैकल्पिक व्यवस्था परिमार्जन गरी Dispatch Instruction हटाउने व्यवस्था गरिएको भएतापनि नेपाल विद्युत प्राधिकरणबाट Dispatch Instruction जारी छ । साथै, कम्पनीको अघिल्लो आर्थिक वर्षहरुको तुलनामा आर्थिक वर्ष २०८१/०८२ मा कम्पनीको मुनाफामा सुधार भएको छ ।

**आगामी रणनीतिहरु :**

हकप्रद शेयरको बिक्रीबाट प्राप्त हुने रकमबाट कम्पनीले बैंकबाट लिएको ऋण रकम भुक्तानी गर्नेछ र ऋणको दायित्व कम गर्दै लग्नेछ । आगामी दिनमा दैविप्रकोप, पानीको सतहमा कमी हुने कारण आयोजना पूर्णरुपमा सञ्चालन नहुने अवस्था रहन सक्ने र मेशिन, औजार एवं भौतिक संरचनाहरुको नियमित मर्मत संभार गर्नुपर्ने चुनौती रहेको भएतापनि त्यसको लागि उपयुक्त ढंगले वित्तीय व्यवस्थापन गरिने छ । आयोजनामा हुने नियमित मर्मत संभार, सञ्चालनमा रहिरहेका मेशिन तथा प्लान्टहरुको अपग्रेडेशन तथ अन्य खर्चहरुमा मितव्ययिता अपनाउने कम्पनीको रणनीति रहेको छ। त्यसैगरी, आयोजनालाई नियमित रुपमा सञ्चालन गर्नको लागि प्रविधिमैत्री बनाउँदै लगिनेछ । कम्पनीको यिनै रणनीति बमोजिम आयोजना नियमित रुपमा संचालन भई कम्पनीको वित्तीय अवस्था तथा नेटवर्थमा सुधार हुनेछ ।

**हकप्रद शेयरको बिक्री पश्चात् कम्पनीमा देखिने सकारात्मक प्रभावहरु:**

हकप्रद शेयर बिक्री पश्चात् कम्पनीको ब्याज खर्चमा बचत भई मुनाफा वृद्धि हुने, नगद प्रवाहमा सुधार हुने र थप नयाँ आयोजनाहरुमा लगानीको वातावरण बन्ने अवस्था रहन्छ । जसको फलस्वरुप कम्पनीले प्रतिफल वितरण गर्न सक्ने अवस्था सुजना हुन्छ र कम्पनीका लगानीकर्तामा कम्पनी प्रति विश्वास कायम रहिरहने वातावरण बन्न गई सकारात्मक प्रभाव पर्नेछ ।

(२) **कम्पनीको उद्देश्य :**

**कम्पनीको प्रबन्धपत्रको दफा (४) अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :**

(क) देश भित्रका विद्यमान जल सम्पदाको व्यापक खोजी गरी सम्भाव्य भएका विभिन्न साना ठूला जलविद्युत आयोजनाहरुको अनुसन्धान, सर्भेक्षण तथा विकास गरी विद्युत उत्पादन प्रशारण तथा बिक्री वितरण गर्ने ।

(ख) जलविद्युत बाहेक अन्य श्रोतका विद्युत आयोजनाहरु जस्तैः बायो ग्याँस, सौर्य, प्राकृतिक ग्यास, विन्ड (वायु) आदि आयोजनाहरुको अनुसन्धान, सर्भेक्षण तथा विकास गरी विद्युत उत्पादन प्रशारण तथा बिक्री वितरण गर्ने ।

(ग) नेपाल राज्यमा अन्य कम्पनी व्यक्ति, संगठित संस्थाहरु वा गैर सरकारी संघ संस्थाबाट उत्पादित विद्युत उर्जा थोकमा खरिद गरी बिक्री वितरण गर्ने ।

(घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा हुने जलविद्युत तथा अन्य उर्जा विकास सम्बन्धी निर्माण कार्य (टेन्डर) मा एकल वा संयुक्त रुपमा भाग लिने र लिन लगाउने । अन्तर्राष्ट्रिय स्तरमा विद्युत विकासमा भएका नयाँ प्रविधिहरु नेपालमा भित्र्याउने ।

(ङ) अन्तर्राष्ट्रिय परामर्शदाता एवं निर्माण व्यवसायीको स्थानीय प्रतिनिधिको रुपमा काम गर्ने ।

(च) जल विद्युत र उर्जा विकास गर्ने सिलसिलामा हुने वातावरणीय पक्षलाई मध्य नजर गरी अध्ययन, अनुसन्धान र नकारात्मक असरहरुलाई रोकथाम गर्ने उपाय अवलम्बन गर्ने ।

(छ) सम्भावित साना ठूला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी लगायत गैरसरकारी अन्य संघ संस्थाहरुलाई निजी वा संयुक्त लगानीबाट विद्युत प्रसारण लाईन विकास गर्न आर्थिक, प्राविधिक तथा वातावरणीय परामर्श सेवा तथा सहयोग जुटाउने ।

(ज) उर्जासँग सम्बन्धित स्वदेशी तथा विदेशी प्रबर्द्धक तथा लगानीकर्ताहरुलाई आवश्यक पर्ने हरेक प्रकारको परामर्श सेवा प्रदान गर्ने ।

(झ) जल विद्युत तथा बैकल्पिक उर्जासँग सम्बन्धित यन्त्र मेशिन उपकरणको उत्पादन तथा आयात गरी बिक्री वितरण गर्ने गराउने ।

(३) **धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को निर्देशन नं. १३ बमोजिम तोकिएका अवस्थाहरु निम्नानुसार पुरा गरिएको छ :**

(क) हकप्रद शेयर निष्काशन तथा सो निष्काशनबाट प्राप्त हुने रकमको उपयोग सम्बन्धमा स्पष्ट वित्तीय योजना र रणनीतिहरू तथा निष्काशन गर्ने हकप्रद शेयर अनुपातको औचित्य पुष्टि गर्ने आधारहरू खुलाई यस कम्पनीको वि.सं.२०८१ पौष २९ गते सम्पन्न बाह्रौं वार्षिक साधारण सभाबाट पारित भएको छ ।

(ख) यस कम्पनीको प्राथमिक शेयर निष्काशन मिति २०७४/०३/०१ गतेदेखि मिति २०७४/०३/०५ गतेसम्म भएको र शेयर बाँडफाँट मिति २०७४/०४/०८ गते सम्पन्न भएको हो । यस कम्पनीको प्रारम्भिक सार्वजनिक निष्काशन गरेको कम्तीमा दुई वर्ष भन्दा बढि अवधि पूरा भएको छ ।

(ग) यस कम्पनीले ईक्रा नेपाल लिमिटेडबाट मिति २०८१/११/२१ गतेको पत्रबाट मार्फत CARE-NP BB-(Is) इस्योअर रेटिङ्ग प्राप्त गरेको छ ।

(घ) यस कम्पनीको चुक्ता पूँजी रु.१,०६,५४,१७,०००।- (अक्षरेपी रु.एक अर्ब छ करोड चौवन्न लाख सत्र हजार मात्र) रहेको र उक्त पूँजी शतप्रतिशत चुक्ता भएको छ ।

(ङ) यस कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली र संस्थागत सुशासन सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था रहेको छ ।

(च) परियोजना निर्माणको लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनु पर्ने भएमा त्यस्तो इजाजत, अनुमतिपत्र वा स्वीकृति लिएको विवरण :

- मिति २०६८/०३/२३ मा विद्युत विकास विभागबाट आयोजना निर्माणको लागि विद्युत उत्पादन अनुमतिपत्र प्राप्त भएको छ ।
- मिति २०६९/०३/०१ मा नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भएको छ ।
- मिति २०६७/०५/२१ मा नेपाल सरकार उर्जा मन्त्रालयबाट IEE प्रतिवेदन स्वीकृत भएको छ ।

(छ) परियोजना निर्माणको लागि आवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना, भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक पूर्वाधार निर्माण कार्य सम्पन्न गरी मिति २०७९ आश्विन १४ गतेबाट व्यापारिक उत्पादन शुरु गरेको हो ।

(ज) परियोजनाको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपूर्जा आदि खरिद गर्नुका साथै निर्माण सम्पन्न गरी मिति २०७९ आश्विन १४ गतेबाट व्यापारिक उत्पादन शुरु गरेको हो।

(झ) परियोजना निर्माणको लागि वित्तीय व्यवस्थापन तथा फाइनान्सियल क्लोजरको सैद्धान्तिक सहमतिपत्र (लेटर अफ इन्टेन्ट) प्राप्त गर्नुका साथै मिति २०७२/०६/२८ गते फाइनान्सियल क्लोजर सम्पन्न भई आयोजना सम्पन्न भइसकेको छ ।

(ञ) मिति २०६९/०३/०१ गते नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भएको छ ।

(ट) यस कम्पनीको अन्य कुनै कम्पनी नरहेको वा सहायक कम्पनी छैन ।

(ठ) यस कम्पनीले आ.व.२०८०/८१ को प्रचलित नियम अनुसार लेखापरीक्षण गरी नियमित वार्षिक साधारण सभा मिति २०८१/०९/२९ गते सम्पन्न गरेको छ र माथि उल्लेखित अवस्थाहरुको पालना भएको सम्बन्धमा पि.वाई.सी.एसोसिएट्स एण्ड चार्टर्ड एकाउण्टेण्ट्स, पुतलीसडक, काठमाण्डौंद्वारा प्रमाणित गरिएको छ।

(ड) यस कम्पनीको आ.व.२०८१/८२ को प्रचलित नियम अनुसार लेखापरीक्षण पि.वाई.सी.एसोसिएट्स एण्ड चार्टर्ड एकाउण्टेण्ट्स, पुतलीसडक, काठमाण्डौंद्वारा तयार गरी सञ्चालक समितिको मिति २०८२/०९/२३ गतेको बैठकले स्वीकृत गरेको छ।

**<u>कम्पनीको वित्तीय परिसूचक :</u>**

कम्पनीको नेट प्रिजेन्ट भ्यालु {Net Present Value (NPV)}, इन्टर्नल रेट अफ रिर्टन {Internal Rate of Return (IRR)}, Pay Back Period र Discounted Pay Back Period को गणनाको संक्षिप्त विवरण तथा आधार देहाय अनुसार रहेको छ :

(रु. हजारमा)

| वर्ष | आम्दानी | सञ्चालन एवं मर्मत | रोयल्टी | बीमा र बोनश | वित्तीय खर्च (आम्दानी) | ह्रासकट्टी एवं परिशोधन | कर अघिको खुद नाफा | कर | कर पछिको नाफा | खुद नगद प्रवाह |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क | ख | ग | घ | ङ | च | छ | ज | झ | ञ | ट |
| | | | | | | | | | | (४९,२३,०८०) |
| २०८२/८३ | ७,५९,४३८ | ७१,९२२ | १७,८८९ | १२,४०३ | २,४५,२४६ | २,४५,२२३ | १,६६,७५५ | ६८ | १,६६,६८७ | ४,११,९१० |
| २०८३/८४ | ८,०५,१४९ | ८३,८३१ | १८,३४१ | १४,६९९ | १,८३,५०७ | २,४६,५९३ | २,५८,१७८ | ६८ | २,५७,७३९ | ५,०४,३३२ |
| २०८४/८५ | ८,२९,३३९ | ९०,४५२ | १८,८०३ | १५,५११ | १,६२,०९९ | २,४६,४४६ | २,९६,०२८ | ४३९ | २,९५,४२९ | ५,४१,८७५ |
| २०८५/८६ | ८,५४,२५५ | १,०९,६७८ | १९,२८७ | १६,११६ | १,३८,७०७ | २,४६,३२४ | ३,२४,१४३ | ५९९ | ३,२३,७१९ | ५,७०,०४३ |
| २०८६/८७ | ८,७९,९६० | १०५,२०० | १९,७८५ | १७,२५३ | १,१३,७७८ | २,४६,२२० | ३,७७,७२४ | ४२४ | ३,७७,५७५ | ६,२३,७९५ |
| २०८७/८८ | ८,८९,१९५ | १,१३,४०४ | २०,२९९ | १७,८७९ | ८६,६८५ | २,४६,१३२ | ४,०४,७९६ | १४९ | ४,०४,६२६ | ६,५०,७५८ |
| २०८८/८९ | ८,८९,१९५ | १,२२,२१७ | २०,४८४ | १८,३४५ | ५६,३०५ | २,४६,०५५ | ४,२५,७८९ | १७० | ४,२५,२७१ | ६,७१,३२६ |
| २०८९/९० | ९,२५,१८२ | १,३१,६८७ | २०,४८४ | १९,३६१ | २४,२५२ | २,४५,९९० | ४,८३,४०८ | ५१८ | ४,३६,३०० | ६,८२,२९० |
| २०९०/९१ | ९,४२,०६१ | १,५९,६६५ | २०,४८४ | १९,३६१ | ४९ | २,४५,९३३ | ४,९६,५६९ | ४७,१०८ | ४,३८,२०४ | ६,८४,१३७ |
| २०९१/९२ | ९,४२,०६१ | १,५२,७९९ | २०,४८४ | १९,७१६ | (११,०२९) | २४५,८८२ | ५,१४,२०९ | ५८,३६५ | ४,५२,३१७ | ६,९८,१९९ |
| २०९२/९३ | ९,४२,०६१ | १,६४,५५३ | २०,४८४ | १९,६३७ | (२१,८६१) | २,४५,८३७ | ५,१३,४११ | ६१,८९२ | ४,५१,०३० | ६,९६,८६७ |
| २०९३/९४ | ९,४२,०६१ | १,७७,१८८ | २०,४८४ | १९,५३७ | (२९,६३२) | २,४५,७९७ | ५,०८,६८७ | ६२,३८१ | ४,४५,९६८ | ६,९१,७६५ |
| २०९४/९५ | ९,४२,०६१ | १,९०,७७१ | २०,४८४ | १७,४७५ | (३७,२३४) | २,४५,७६१ | ५,०४,८०४ | ६२,७१९ | ४,३४,९५६ | ६,८०,७१७ |
| २०९५/९६ | ९,४२,०६१ | २,३१,५३२ | १,१५,९२० | १६,७४९ | (४३,१२९) | २,४५,७२८ | ३,७५,२६१ | ६९,८४८ | ३,०७,३०२ | ५,५३,०३० |
| २०९६/९७ | ९,४२,०६१ | २,२१,०७९ | १,१५,९२० | १७,०१९ | (४७,५५५) | २,४५,६९९ | ३,८९,८९९ | ६७,९५९ | ३,१९,१४२ | ५,६४,८४१ |
| २०९७/९८ | ९,४२,०६१ | २,३७,९६७ | १,१५,९२० | १६,७४९ | (५०,५६४) | २,४५,६५५ | ३,७६,३३४ | ७०,७५७ | ३,०८,०५८ | ५,५३,७१३ |
| २०९८/९९ | ९,४२,०६१ | २,५६,१३० | १,१५,९२० | १६,४४७ | (५३,९२१) | २,४५,६३४ | ३,६१,८५१ | ६८,२७६ | २,९६,३९० | ५,४२,०२४ |
| २०९९/०० | ९,४२,०६१ | २,७५,६६६ | १,१५,९२० | १६,११२ | (५६,९३३) | २,४५,६१४ | ३,४५,६८२ | ६५,४६१ | २,८३,३६५ | ५,२८,९७९ |
| २१००/०१ | ९,४२,०६१ | ३,३५,११५ | १,१५,९२० | १४,९७३ | (५९,६९९) | २,४५,५९५ | २,९०,१५७ | ६२,३१७ | २,३८,८७५ | ४,८४,४७० |
| २१०१/०२ | ९,४२,०६१ | ३,१९,२९१ | १,१५,९२० | १५,३१८ | (६२,१९४) | २,४५,५७७ | ३,०८,१४९ | ५१,२८२ | २,५३,४१४ | ४,९८,९९१ |
| २१०२/०३ | ९,४२,०६१ | ३,४३,६१७ | १,१५,९२० | १९,७९९ | (६३,६०६) | २,४५,५६० | २,८०,७७१ | ५४,७३५ | २,८०,७७१ | ५,२६,३३१ |
| **बाँकी खुद सम्पत्ति (Residual)** | | | | | | | | | | ३८,८७,००२ |
| **नेट प्रिजेण्ट भ्यालु (Net Present Value)** | | | | | | | | | | ३१,२९,३३४ |
| **इन्टर्नल रेट अफ रिर्टन (Internal Rate of Return)** | | | | | | | | | | १५.९५% |
| **बेनिफिट कस्ट रेसियो (Benefit Cost Ratio)** | | | | | | | | | | १.६४ |

(ङ) **शेयर पूँजीको संरचना:**

**अधिकृत पूँजी (Authorised Capital):** कम्पनीको अधिकृत पूँजी रु.२,७०,००,००,०००।- (अक्षरेपी दुई अर्ब सत्तरी करोड मात्र) हुने छ। सो पूँजीलाई प्रति शेयर अंकित मूल्य रु.१००।- दरका २,७०,००,००० (दुई करोड सत्तरी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।

**जारी पूँजी (Issued Capital):** कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु.१,५९,८१,२५,५००।०० (अक्षरेपी एक अर्ब उनान्साठी करोड एकासी लाख पचीस हजार पाँच सय मात्र) बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- अंकित दरको १,५९,८१,२५५ (एक करोड उनान्साठी लाख एकासी हजार दुई सय पचपन्न मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ।

**चुक्ता पूँजी (Paid up Capital):** कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु.१,०६,५४,१७,०००।- (अक्षरेपी एक अर्व छ करोड चवन्न लाख सत्र हजार मात्र) बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- अंकित दरको १,०६,५४,१७० (एक करोड छ लाख चवन्न हजार एक सय सतरी मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ। यस हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,५९,८१,२५,५००।- (अक्षरेपी एक अर्व उनान्साठी करोड एकासी लाख पच्चीस हजार पाँच सय मात्र) हुनेछ।

**अधिकृत, जारी तथा चुक्ता पूँजीमा भई आएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

| क्र.सं. | आर्थिक वर्ष | अधिकृत पूँजी (रु.) | जारी पूँजी (रु.) | चुक्ता पूँजी (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | २०८१/०८२ | २,७०,००,००,०००।०० | १,५९,८१,२५,५००।०० | १,५९,८१,२५,५००।०० | कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/१२/०१ गतेको पत्रानुसार। |
| २. | २०७२/०७३ | २,७०,००,००,०००।०० | १,०६,५४,१७,०००.०० | १,०६,५४,१७,०००।०० | कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७३/०४/२६ गतेको पत्रानुसार। |

(च) **हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् संगठित संस्थाको चुक्ता पूँजीको स्थिति :**

**हकप्रद शेयर निष्काशन गर्नु पूर्व संगठित संस्थाको चुक्ता पूँजीको संरचना :**

| क्र.सं. | शेयरधनी | शेयर कित्ता | पूँजी संरचना (प्रतिशत) | चुक्ता पूँजी रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १. | संस्थापक शेयरधनी | ७४,५७,९१९ | ७० | ७४,५७,९१९००।०० | शतप्रतिशत |
| २. | सर्वसाधारण शेयरधनी (आयोजना प्रभावित क्षेत्रका बासिन्दा) | १०,६५,४१७ | १० | १०,६५,४१७ ००।०० | शतप्रतिशत |
| ३. | सर्वसाधारण शेयरधनी (सामुहिक लगानी कोष र कर्मचारीहरु समेत) | २१,३०,८३४ | २० | २१,३०,८३४००।०० | शतप्रतिशत |
| | **जम्मा** | **१,०६,५४,१७०** | **१००** | **१,०६,५४,१७,०००।००** | |

**हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने कम्पनीको चुक्ता पूँजीको संरचना :**

| क्र.सं. | शेयरधनी | शेयर कित्ता | पूँजी संरचना (प्रतिशत) | चूक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १. | संस्थापक शेयरधनी | १,११,८६,८७८.५० | ७० | १,११,८६,८७,८५०।०० | निष्काशन पश्चात् |
| २. | सर्वसाधारण शेयरधनी (आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु) | १५,९८,१२५.५० | १० | १५,९८,१२,५५०।०० | |
| ३. | सर्वसाधारण शेयरधनीहरु (सामुहिक लगानी कोष र कर्मचारीहरु समेत) | ३१,९६,२५१.०० | २० | ३१,९६,२५,१००।०० | |
| | **जम्मा** | **१,५९,८१,२५५.००** | **१००** | **१,५९,८१,२५,५००।००** | - |

**नोट :** कम्पनीले मिति २०७४/०३/०१ गतेदेखि मिति २०७४/०३/०५ गतेसम्म सर्वसाधारणमा शेयरको सार्वजनिक निष्कासन गरी मिति २०७४/०४/०८ गते बाँडफाँट गरेको र संस्थापक शेयरधनी, आयोजना प्रभावित क्षेत्रका बासिन्दा र कम्पनीका कर्मचारीलाई निष्कासन गरिएको शेयरको ३ (तीन) वर्षको लकईन अवधि समाप्त भई संस्थापक शेयर सर्वसाधारण शेयर सरह कारोबार हुँदै आएको छ। आगामी साधारणसभाबाट संस्थापक शेयरधनीको शेयरलाई साधारण शेयर सरह कायम गरी सोही बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरिने उद्घोषण गर्दछौं ।

**(छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या:** कम्पनीले हकप्रद शेयर निष्कासन गर्ने प्रयोजनार्थ मिति २०८२ चैत्र १० गते शेयर दाखिला खारेज बन्द (बुक क्लोज) गरेको र मिति २०८२ चैत्र ९ गतेसम्म दोस्रो बजारमा कारोबार भएको आधारमा कम्पनीको १ प्रतिशत वा सो भन्दा बढी स्वामित्व भएका शेयरधनीहरुको नाम, ठेगाना तथा निजहरुको स्वामित्वमा रहेको शेयर संख्या देहाय अनुसार रहेको छ :

| क्र.सं. | नाम | ठेगाना | शेयर संख्या |
|---|---|---|---|
| १. | श्री एन.आर.एन. इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लि. | काठमाण्डौं | ८,५६,९६० |
| २. | श्री चन्द्र प्रसाद ढकाल | बागलुङ | ५,३८,५२७ |
| ३. | श्री आइएमई होल्डिङ्ग प्रा.लि. | काठमाण्डौं | २,८४,६५० |
| ४. | श्री गुरु प्रसाद ढकाल | चितवन | १,८१,१६७ |
| ५. | श्री अतुल आचार्य | काठमाण्डौं | १,५२,२६३ |
| ६. | श्री राधा ढकाल | काठमाण्डौं | १,२७,४५० |
| ७. | श्री हेमराज ढकाल | बागलुङ | १,१७,००० |

**(ज) निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात** : यस विवरणपत्र मार्फत् हकप्रद शेयर जारी गर्नु अघि कायम चुक्ता पूँजी रु.१,०६,५४,१७,०००।- रकम बराबरको एक शेयर बराबर नयाँ शुन्य दशमलव पाँच कित्ता साधारण शेयर (१:०.५) (अर्थात विद्यमान एक कित्ता साधारण शेयर बराबर नयाँ शुन्य दशमलव पाँच कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.५३,२७,०८,५००।- बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- का दरले ५३,२७,०८५ कित्ता हकप्रद शेयर निष्काशन गरिनेछ ।

**(झ) धितोपत्र निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति:** कम्पनीको मिति २०८१ पुष २९ गते सम्पन्न १२ औं वार्षिक साधारण सभाको विशेष प्रस्ताव अन्तर्गत कम्पनीको चुक्ता पूँजीको १:०.५ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने र सो सम्बन्धमा गर्नु पर्ने आवश्यक सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव निर्णयार्थ पेश भएको विशेष प्रस्ताव वार्षिक साधारण सभामा सर्वसम्मतिले पारित भएको छ। हकप्रद शेयर निष्काशन गर्नका लागि नेपाल सरकारको विद्युत क्षेत्रको नियामक निकाय विद्युत नियमन आयोगबाट मिति २०८२/०३/१५ गतेको पत्रबाट स्वीकृति प्राप्त भएको छ र उक्त पत्रमा कुनै शर्त उल्लेख गरिएको छैन ।

**(ञ) सञ्चालकहरुको परिचय :**

**(क) <u>सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव</u>** : यस कम्पनीको सञ्चालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नुभएको छ :

| क्र. सं. | नाम तथा ठेगाना | पद | राष्ट्रियता | उमेर | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित) जलविद्युत क्षेत्रमा | अनुभव (अन्य) |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री गुरु प्रसाद ढकाल का.म.न.पा. ३ | अध्यक्ष (संस्थापक समुह) | नेपाली | ७१ | १,८१,१६७ | एम.ई. (सिभिल) | विगत १८ वर्षदेखि विभिन्न जलविद्युत आयोजनाहरुको अध्ययन तथा सञ्चालनको अनुभव । | नेपाल सरकारको विभिन्न निकायमा शाखा अधिकृत देखि सहसचिव सम्मको पदमा ३४ वर्षसम्म अनवरत रुपमा जलविद्युत, पुर्वाधार, लगायतको क्षेत्रमा निर्माण, निरीक्षण तथा व्यवस्थापनमा रही कार्य गरेको अनुभव । |
| २ | श्री अम्बिका प्रसाद पौडेल का.म.न.पा. ५ | सञ्चालक (सर्वसाधारण समुह) | नेपाली | ५४ | २,३०० | स्नातकोत्तर | - | प्रबन्ध सञ्चालक - हाथवे इन्भेष्टमेण्ट नेपाल लि.मा वि.सं. २०६५ देखि २०७६ पौष मसान्त सम्म । सञ्चालक - हाथवे इन्भेष्टमेण्ट नेपाल लि.मा वि.सं. २०७६ माघ देखि २०७८ सम्म । सञ्चालक - (चन्द्रागिरी हिल्स लिमिटेडमा स्थापनाकालदेखि वि.सं. २०७९ सम्म । |

| क्र. सं. | नाम तथा ठेगाना | पद | राष्ट्रियता | उमेर | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित) जलविद्युत क्षेत्रमा | अनुभव (अन्य) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | नेपाल टेलिकममा सञ्चालकको रुपमा कार्य गरेको अनुभव । सञ्चालक - आइएमई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड । |
| ३ | श्री महेन्द्रराज अधिकारी सुन्दर बजार, लमजुङ | सञ्चालक (संस्थापक समुह) | नेपाली | ६९ | २,७५० | एम. एस्सी. | रसुवागढी जलविद्युत आयोजनामा परामर्शदाता, लिवर्टि इनर्जि हाइड्रोपावरमा वरिष्ठ विद्युत इन्जिनियर, नेपाल विद्युत प्रधिकरणको बुटवल शाखाको क्षेत्रीय प्रमुख ( बि.स.२०६८-२०७०), मिडिल मर्स्याङदी हाइड्रोइलेक्ट्रिक प्रोजेक्टमा सहायक प्रबन्धक (बि.स.२०५७-२०६५) को रुपमा कार्य गरेको अनुभव | रसुवागढी जलविद्युत् आयोजनामा इलेक्ट्रिकल इन्जिनियरको रुपमा कार्य गरेको अनुभव । |
| ४ | श्री सूर्य प्रसाद अधिकारी तारकेश्वर न.पा. काठमाण्डौं | सञ्चालक (सर्वसाधारण समुह) | नेपाली | ५० | १,००० | बि.कम. | विभिन्न हाइड्रोइलेक्ट्रिक, अस्पताल भवन, सडक निर्माण कार्यमा आवद्ध । | गौरा कन्स्ट्रक्सन प्रा.लि., निर्देशक (सन् २००४ देखि हाल सम्म) |
| ५ | श्री डा. हेमन्त कुमार दवाडी नागार्जुन न.पा. काठमाण्डौं | स्वतन्त्र विशेषज्ञ सञ्चालक | नेपाली | ६७ | - | पि.एच.डी. | - | सूचना सेवा उद्योग तथा उद्यम विकास, व्यापार तथा व्यापार सम्बन्धी सेवा, राजस्व तथा वित्त सेवा, पूर्वाधार तथा वातावरण सेवा तथा नेपाल उद्योग वाणिज्य महासंघको अन्तर्राष्ट्रिय मामिला महाशाखा, महासंघका सम्बन्धित समितिका गतिविधिको समन्वय लगायतका नीति सेवा शाखासँग सम्बन्धित महासंघका गतिविधिको सुपरिवेक्षण तथा समन्वय गर्ने टिम लिडरको रुपमा कार्यरत (बि.स. २०५५ -२०५६) परामर्शदाता, औद्योगिक सेवा केन्द्र, बालाजु सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्, काठमाडौंको परियोजना अधिकृत |

**नोट** : कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१)(छ) मा समान उद्देश्य भएको अर्को कुनै कम्पनीको सञ्चालक, आधारभूत शेयरधनी, कर्मचारी, लेखापरीक्षक वा सल्लाहकार पदमा बहाल रहेको वा त्यस्तो कम्पनीमा कुनै पनि प्रकारको निजी स्वार्थ नभएको हुनुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था पालना भएको उद्घोषण गर्दछौं । साथै, नेपाल धितोपत्र बोर्डबाट जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा उल्लेख भए बमोजिम सञ्चालकसँग सम्बन्धित व्यवस्थाहरुको पालना भएको उद्घोषण गर्दछौं ।

कम्पनीको सञ्चालक समितिमा एन.आर.एन. इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लि.को तर्फबाट संस्थागत रुपमा प्रतिनिधित्व गर्नुहुने २ जना सञ्चालकहरुलाई उक्त कम्पनीले मिति २०८०/१२/२२ मा फिर्ता बोलाएकोले हाल संस्थापक समुह अन्तर्गत २ जना सञ्चालकहरुको पद रिक्त रही ७ (सात) सदस्यीय सञ्चालक समितिमा हाल ५ (पाँच) जना सञ्चालकहरु रहनु भएको ।

**कम्पनीको प्रमुख कार्यकारी अधिकृतको विवरण :**

| नाम | ठेगाना | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|
| श्री मुन्ना शाक्य | महालक्ष्मी नगरपालिका, वडा नं. ३, बोजे पोखरी, ललितपुर | एम.एस्सी. (हाइड्रोइलेक्ट्रिसिटि डेभलपमेन्ट) | -विगत २७ वर्षदेखि जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन, निर्माण र सुपरिवेक्षणको क्षेत्रमा रही कार्य गरेको अनुभव । |

**नोट** : कम्पनीको सञ्चालक समितिको मिति २०८२ माघ ९ गते बसेको ७४ औं बैठकले कम्पनीका प्रबन्धक श्री मुन्ना शाक्यलाई कम्पनीको प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गरेको ।

**(ट) सञ्चालक समितिको बनौट :**

कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) सदस्यीय सञ्चालक सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | संस्थापक समूहबाट मनोनित/आपसी सम्झौता/निर्वाचित | ४ जना |
| २. | सर्वसाधारण समूहबाट मनोनित/आपसी सम्झौता/निर्वाचित | २ जना |
| ३. | स्वतन्त्र विशेषज्ञ सञ्चालक | १ जना |
| | **जम्मा** | **७ जना** |

कम्पनीको नियमावलीको नियम २७ (२)मा सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्ने, यस्तो शेयर खरिद गर्ने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितोबन्धक दिएको वा राखेको हुनु हुँदैन, तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने तथा व्यावसायिक/स्वतन्त्र सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन भन्ने व्यवस्था रहेको छ । कम्पनीका संस्थापक शेयरधनीको शेयरको लकईन अवधि मिति २०७७/०४/०३ मा समाप्त भई संस्थापक समुहको शेयर सर्वसाधारण शेयर सरह दोस्रो बजारमा कारोबार भइरहेकोले कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा हाल कायम रहेको संस्थापक समुहको शेयर सम्बन्धी व्यवस्थालाई कम्पनीको आगामी साधारणसभाबाट एउटै समुह अर्थात सर्वसाधारण समुह बनाई कायम गरिनेछ ।

**<u>नियमावलीको दफा २७ मा व्यवस्था भए बमोजिम सञ्चालक समितिको गठन, संख्या र कार्यकाल देहाय बमोजिम रहेको छः</u>**

(१) सञ्चालकहरुको नियुक्ती वा निर्वाचन वार्षिक साधारण सभाबाट हुनेछ ।

(२) यस कम्पनीमा ७ (सात) जनाको सञ्चालक समिति हुनेछ । संस्थापक समुहलाई (क) समुहमा र सर्वसाधारण समुहलाई (ख) समुहमा विभाजन गरिएकोछ । संस्थापक समुह (क) का तर्फबाट ४ जना, सर्वसाधारण शेयरधनीहरुको तर्फबाट २ (दुई) जना र स्वतन्त्र विशेषज्ञ सञ्चालक १ (एक) जना गरी जम्मा ७ सात जना सञ्चालक रहने व्यवस्था गरिएको छ । तर यस कम्पनीको जारी पूँजीको ३० प्रतिशत शेयर सर्वसाधारणलाई जारी नगरे सम्म यस कम्पनीको सञ्चालक समितिमा ५ (पाँच) जना सञ्चालक रहनेछ ।

(३) सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ । तर यस नियमावलीमा अन्य नियमहरुमा जुन सुकै कुरा उल्लेख भएतापनि संस्थागत शेयरधनीहरुबाट नियुक्त हुने सञ्चालकको कार्यकाल ४ (चार) वर्ष नबढ्ने गरी त्यस्ता सस्थागत शेयरधनीहरुले चाहेको अवधि सम्म कायम रहने छ ।

(४) वार्षिक साधारण सभा हुनु अगावै कुनै कारणले कुनै सञ्चालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि सञ्चालकको नियुक्ति जुन प्रक्रियाबाट पहिले भएको थियो सोही प्रक्रियाबाट गरिने छ । कुनै सञ्चालकको कार्यकाल पूरा नहुँदै बीचमा पद रिक्त भई सो पदमा नियुक्त भएको सञ्चालकको कार्यकाल जुन सञ्चालकको पद रिक्त भई नियुक्त भएको हो सो सञ्चालकको बाँकी कार्यकालसम्मको लागि मात्र हुनेछ ।
तर वार्षिक साधारण सभाद्वारा नियुक्त गरिएको सञ्चालकको पद कुनै व्यहोराले रिक्त भएमा सो रिक्त स्थानमा अर्को साधारणसभा सम्मको लागि सञ्चालक समितिले सञ्चालक नियुक्त गर्नेछ ।

(५) संगठित संस्थाले सञ्चालक नियुक्त गर्दा निजको बैकल्पिक सञ्चालक पनि नियुक्त गर्न सक्नेछ ।

(६) सञ्चालकको निर्वाचनको लागि सञ्चालक समितिले निर्वाचन निर्देशिका बनाउन सक्नेछ ।

**(ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनुपर्ने पेश्की रकम** : हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीको हकप्रद शेयर निष्काशन पूर्व कम्पनीको सञ्चालक समितिको निर्णय अनुसार शेयरको दर्ता किताब बन्द गरेको मितिभन्दा अघिल्लो दिनसम्ममा शेयर खरिद गरी कायम भएका साविकका शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर नयाँ शुन्य दशमलव पाँच शेयर अर्थात १:०.५ को अनुपातमा प्रति शेयर अंकित मूल्य रु.१००।- का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । साविकका शेयरधनीले चाहेमा आफ्नो कायम हकभन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हकभन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

**(ड) साविकका शेयरधनीले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा, यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" तथा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले तोके बमोजिम पारदर्शी तरिकाद्वारा लिलाम बढाबढ गरी बिक्री गरिनेछ ।

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को दफा २१ मा रहेको व्यवस्था**

**लिलाम बढाबढ गर्नु पर्ने:**

(१) हकप्रद शेयर बिक्रीको लागि खुला गरिएको अवधिभित्र सम्पूर्ण शेयर बिक्री हुन नसकी बाँकी रहन गएमा त्यसरी बाँकी रहेको शेयर सम्बन्धित संगठित संस्थाले बाँडफाँट भएको ७ (सात) दिन भित्र लिलाम बढाबढका लागि सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम लिलाम बढाबढको सूचना दिँदा बोलकबोलका लागि बढीमा १५ (पन्ध्र) दिनको सूचना प्रकाशित गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम बोलकबोलको अवधि समाप्त भएको ७ (सात) कार्य दिनभित्र लिलाम बढाबढ गरी बाँडफाँट गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम बाँडफाँट भएको ७ (सात) कार्य दिन भित्र सम्बन्धित लगानीकर्तालाई बाँडफाँटपत्र सहित रकम फिर्ता भुक्तानी गरिसक्नु पर्नेछ।

(५) उपनियम (३) बमोजिम लिलाम बढाबढमा सबै शेयर बिक्री नभएमा बोर्डलाई जानकारी गराई उपनियम (४) बमोजिम फिर्ता भुक्तानी सम्पन्न भएको सात दिन भित्र पुनः लिलाम बढाबढको सूचना प्रकाशन गर्नु पर्नेछ।

**धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा १५ मा रहेको व्यवस्था**

**हकप्रद शेयर लिलाम बढाबढ गर्ने प्रक्रिया :**

(१) हकप्रद शेयर खुला अवधिमा सम्पूर्ण शेयर बिक्री नभई बाँकी रहन गएमा त्यसरी बाँकी रहेको शेयरहरू निष्काशन तथा बिक्री प्रबन्धक मार्फत बोर्डलाई जानकारी गराई लिलाम बढाबढमा बिक्री गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम लिलाम प्रक्रिया गर्दा देहायका अवस्थाहरू पूरा गर्नु पर्नेछ :-

(क) सबै समूहको (संस्थापक, सर्वसाधारण र अन्य) लिलाम प्रक्रिया एकै पटक गर्नु पर्ने,

(ख) अङ्कित मूल्यमा बढाबढ गर्नु पर्ने,

(ग) हकप्रद शेयर लिलाम बढाबढबाट बिक्री गर्ने सम्बन्धी सूचना बिक्री खुला हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगाडि कुनै दुईवटा राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गर्नु पर्ने,

(घ) खण्ड (ग) बमोजिम प्रकाशित सूचनाको संक्षिप्त विवरण (बिक्री गर्न लागिएको शेयर संख्या, न्यूनतम मूल्य, कम्पनीको नाम र विस्तृत विवरण प्रकाशन गरिएको पत्रिकाको नाम तथा प्रकाशित मिति) समावेश भएको सूचना देहाय बमोजिम प्रकाशन गर्नु पर्ने :-

१. बिक्री खुला हुनुभन्दा ३(तीन) दिन अगाडि : कम्तीमा दुईवटा प्रमुख अनलाईन पत्रिकामा,

२. बिक्री खुला हुनुभन्दा २(दुई) दिन अगाडि : कम्तीमा दुईवटा प्रमुख एफएम रेडियामा,

३. बिक्री खुला हुनुभन्दा १(एक) दिन अगाडि : कम्तीमा दुईवटा प्रमुख राष्ट्रिय आर्थिक पत्रिकामा

(ङ) खण्ड (घ) बमोजिम प्रकाशित सूचना निष्काशन तथा बिक्री प्रबन्धक र सम्बन्धित कम्पनीको वेभसाइटमा राख्नु पर्ने,

(च) लिलाम बढाबढको दरखास्त लिने अवधि कम्तीमा सात कार्य दिन राख्नु पर्ने,

(छ) लिलाम बढाबढ गर्दा लिलाम सम्बन्धी सामान्य सिद्धान्त अनुशरण गर्नु पर्ने,

(ज) लिलाम बढाबढ गर्दा सबै शेयर खरिदका लागि दरखास्त नपरे पनि निवेदन परेको शेयर सम्बन्धित निवेदकलाई बाँडफाँट गर्नु पर्ने र बाँकी शेयर पुनः लिलाम बढाबढ गर्नु पर्ने,

(झ) लिलाम बढाबढमा शेयर खरिदका लागि दरखास्त दिने आवेदकले फिर्ता भुक्तानी पाउने रकम फिर्ता गर्ने कार्य ३ (तीन) दिन भित्र शुरु गर्नु पर्ने,

(ञ) लिलाम बढाबढ गरिएका शेयरका सम्बन्धमा विस्तृत विवरण सहित उक्त लिलामबाट प्राप्त हुने रकम मध्ये बोर्डमा धितोपत्र दर्ता गर्दा उल्लेखित रकम भन्दा बढी भएको रकमको नियमावलीको व्यवस्था बमोजिम थप दर्ता शुल्क सात कार्य दिन भित्र बुझाउनुपर्ने।

**(ढ) हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :** शेयरधनीहरुले आफूले हकप्रद आधारमा दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन मिल्नेछैन तर आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक वापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई माथिल्लो पूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन्। उदाहरणको लागि, आवेदन दिनुपर्ने कित्ता खण्डित जस्तै २.१ हुन आएमा खण्डितको रुपमा रहेको अंकको माथिल्लो अंक जस्तै ३ कित्ताको (खण्डित शेयर २.१ को माथिल्लो पूर्णाङ्क भनेको ३ भएको) लागि प्रति शेयर अंकित रु.१००।- का दरले आवेदन दिन सक्नेछन्। यसरी आवेदन गर्दा पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ। तर साविक शेयरधनीले आफ्नो कायम हकभन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हकभन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ

**(ण) संगठित संस्थाको विगतको तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :**

(क) संगठित संस्थाको विगत ३ वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण देहाय बमोजिम रहेको छ :

**वासलात** **(रु. हजारमा)**

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ |
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| सम्पत्ति, प्लान्ट तथा मेशिनरी | २३,१९३ | २०,९७२ | १९,४२५ |
| परियोजना सम्पत्ति | - | - | २८ |
| निमार्ण अन्तर्गतको अमूर्त सम्पत्ति | ५६,३०,३४७ | ५३,८५,७१४ | ५१,४८,८५० |
| अन्य वित्तीय सम्पत्ति | - | - | - |
| लगानी | २७,५०० | ३९,४०० | ३९,४०० |
| **जम्मा गैर चालु सम्पत्ति** | **५६,८१,०४०** | **५४,४६,०८६** | **५२,०७,७०३** |
| **चालु सम्पत्ति** | | | |
| **गैर वित्तीय सम्पत्ति** | | | |
| अग्रिम भुक्तानी | १,५०,१३४ | ४५,६५२ | ११,०९५ |
| अग्रिम कर | ४,७६९ | ४,७७४ | ४,७३७ |
| अग्रिम खर्च | ५,३२९ | ७,३१४ | ८,४८८ |
| **वित्तीय सम्पत्ति** | | | |
| नगद तथा नगद बराबर | २४,७९९ | १,५४८ | १३,६३७ |
| सुरक्षण निक्षेप | ३,३२७ | २,८२६ | २,८२२ |
| व्यापार तथा अन्य लिनुपर्ने | ७५,३६२ | १,४०,२०२ | २,४७,२४२ |
| **जम्मा चालु सम्पत्ति** | **२,६३,७२०** | **२,०२,३१६** | **२,८८,०२१** |
| **कुल सम्पत्ति** | **५९,४४,७६०** | **५६,४८,४०२** | **५४,९५,७२४** |
| **इक्विटी र दायित्वहरु** | | | |
| **इक्विटी** | | | |
| शेयर पूँजी | १०,६५,४१७ | १०,६५,४१७ | १०,६५,४१७ |
| सञ्चित मुनाफा | ३,६१,३०९ | ९८,९५४ | १,७०,१५९ |
| **कुल पूँजी** | **१४,२६,७२६** | **११,६४,३७१** | **१२,३५,५७६** |
| **दायित्वहरु** | | | |
| **गैर चालु दायित्वहरु** | | | |
| **वित्तीय दायित्वहरु** | | | |
| ऋण तथा सापटीहरु | ४१,१३,४३२ | ४१,८०,९१७ | ३८,०३,०६५ |
| कर्मचारी भत्ता दायित्व | - | - | ५,००० |
| **जम्मा गैर चालु दायित्वहरु** | **४१,१३,४३२** | **४१,८०,९१७** | **३८,०८,०६५** |
| **चालु दायित्वहरु** | | | |
| **अन्य वित्तीय दायित्वहरु** | | | |
| तिर्नु पर्ने | १,८५३ | ८९७ | ४३८ |
| **वित्तीय दायित्वहरु** | | | |
| छोटो अवधिको ऋण | ५५,३७६ | ९९,००० | ३,८९,४०८ |
| कर्मचारी भत्ता दायित्व | - | २०७ | १,४८७ |
| व्यापार तथा अन्य भुक्तानी | ३,४७,३७३ | २,०३,०१० | ६०,७५० |
| **जम्मा चालु दायित्वहरु** | **४,०४,६०२** | **३,०३,११४** | **४,५२,०८३** |
| **कुल इक्विटी र दायित्वहरु** | **५९,४४,७६०** | **५६,४८,४०२** | **५४,९५,७२४** |

**नाफा नोक्सान हिसाव** **(रु. हजारमा)**

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ |
| **आम्दानी** | | | |
| आय | ३,५४,३७३ | ५,१६,०६१ | ७,४४,१९२ |
| बिक्री लागत | ३०,१७९ | ५०,२९३ | ६७,७९० |

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ |
| **कुल नाफा** | ३,२४,१९४ | ४,६५,७६८ | ६,७६,४०३ |
| निर्माण अवधिको आम्दानी IFRIC-12 अनुसार | ७५,७०९ | - | - |
| अन्य आम्दानी | १५० | १,६८४ | ४,१८५ |
| **जम्मा आम्दानी** | ४,००,०५३ | ४,६७,४५२ | ६,८०,५८८ |
| **खर्च** | | | |
| प्रशासनिक खर्च | १७,५३० | १९,५४५ | २३,१८७ |
| ह्रासकट्टी | १,९६,०७६ | २,४६,५४० | २४,६,६८८ |
| अन्य खर्च | - | ३६१ | - |
| **कुल खर्च** | २,१३,६०६ | २,६६,४४६ | २,६९,८७५ |
| **कर अघिको सञ्चालनबाट नाफा/(नोक्सान)** | १,८६,४४८ | २,०१,००६ | ४,१०,७१३ |
| वित्तीय खर्च | ३,७६,२९९ | ४,६३,३६१ | ३,३८,०५५ |
| कर्मचारी बोनश खर्च | - | - | (१,४५३) |
| **यस वर्षको खुद नाफा/(नोक्सान)** | (१,८९,८५२) | (२,६२,३५५) | ७१,२०५ |
| प्रति शेयर आम्दानी (रु.) | (१७.८२) | (२४.६२) | ६.६८ |
| **अन्य विस्तृत आम्दानी** | - | - | - |
| **अन्य विस्तृत आम्दानी (खुद)** | (१,८९,८५२) | (२,६२,३५५) | ७१,२०५ |

**नगद प्रवाह विवरण** **(रु. हजारमा)**

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| **कारोवार सञ्चालनबाट नगद प्रवाह** | | | |
| कर अघिको नाफा/(नोक्सान) | (१,८९,८५२) | (२,६२,३५५) | ७१,२०५ |
| विगत वर्षहरुको समायोजन | (३२,२५९) | - | - |
| **समायोजन** | | | |
| ह्रासकट्टी तथा परिशोधन | १,९६,०७६ | २,४६,५४० | २,४६,६८८ |
| सम्पत्ति बिक्रीमा भएको नाफा | - | (१,६४९) | - |
| ट्रान्समिसन लाइनमा भएको घाटा | - | ३६१ | - |
| **चालु पूँजीमा भएको परिवर्तनको समायोजन** | | | |
| वित्तीय सम्पत्ति कमी/(वृद्धि) | (३७,३९०) | (७६,२३९) | (१,०७,०३५) |
| गैर वित्तिय सम्पत्ति कमी/(वृद्धि) | १,३५,०५९ | १,०२,४९२ | ३३,४२० |
| वित्तीय दायित्व (कमी)/वृद्धि | २,११,९५८ | (१,००,५३२) | (१,४०,९८०) |
| गैर वित्तिय दायित्व (कमी)/(वृद्धि | ७७ | (९५६) | ४,५४१ |
| **कारोवार सञ्चालनबाट नगद प्रवाह (क)** | २,३०,८८६ | (९२,३३७) | ३,९८,२४७ |
| **लगानी कारोवार सञ्चालनबाट नगद प्रवाह** | | | |
| सम्पत्ति, प्लान्ट तथा मेशिनरी सामान खरिद | (४,३६५) | (८५) | (८,२७२) |
| परियोजना सम्पत्ति खरिद भुक्तानी | (६,६०,०८३) | (२,६१८) | - |
| सम्पत्ति, प्लान्ट तथा मेशिनरी सामान बिक्री | - | २,२०५ | - |
| बीमा रकम प्राप्ति | - | २,१०० | - |
| अर्मूत सम्पत्ति प्राप्ति | - | - | ३४ |
| **लगानी कारोवार सञ्चालनबाट नगद प्रवाह (ख)** | (६,८६,४४८) | (१,६०२) | (८,३०६) |
| **वित्तीय कारोवारबाट नगद प्रवाह** | | | |
| ऋणमा (कमी)/वृद्धि | ४,१७,८४६ | ६७,४८५ | (३,७७,८५२) |
| **वित्तीय कारोवारबाट नगद प्रवाह (ग)** | ४१,५४७ | ६७,४८५ | (३,७७,८५२) |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | १५,०६७ | (२३,२५१) | (१२,०८९) |
| **शुरुको नगद तथा नगद सरह** | ९,७३२ | २४,७९९ | १,५४८ |
| **अन्तिमको नगद तथा नगद सरह** | २४,७९९ | १,५४८ | १३,६३७ |

**पूँजीमा भएको परिवर्तनको विवरण** **(रु. हजारमा)**

| विवरण | शेयर पुँजी | सञ्चित मुनाफा | अन्य सञ्चित रकम | जम्मा |
|---|---|---|---|---|
| **ओपेनिङ्ग ब्यालेन्स २०७९/०४/०१** | १०,६५,४१७ | २,१८,८२९ | – | १२,८४,२४६ |
| अघिल्लो वर्षको समायोजन | – | ३,३२,३३२ | – | ३,३२,३३२ |
| **पुनर्लिखित सुरुवाती ब्यालेन्स** | १०,६५,४१७ | ५,५१,१६१ | – | १६,१६,५७८ |
| शेयर पूँजीमा कमी/वृद्धि | – | – | – | – |
| सम्पत्ति, प्लान्ट तथा मेशिनरीको पूनर्मुल्याङ्कन | – | – | – | – |
| लगानीको पूनर्मुल्याङ्कन | – | – | – | – |
| नाफा/(नोक्सान) | – | (१८९,८५२) | – | (१८९,८५२) |
| लाभांश वितरण | – | – | – | – |
| **ब्यालेन्स २०८०/०३/३१** | १०,६५,४१७ | ३६१,३०९ | – | १,४२,६७२६ |
| अघिल्लो वर्षको समायोजन | – | – | – | – |
| **पुनर्लिखित शुरुवाती ब्यालेन्स** | १०,६५,४१७ | ३६१,३०९ | – | १,४२,६७२६ |
| शेयर पूँजीमा कमी/वृद्धि | – | – | – | – |
| सम्पत्ति, प्लान्ट तथा मेशिनरीको पूनर्मुल्याङ्कन | – | – | – | – |
| लगानीको पूनर्मुल्याङ्कन | – | – | – | – |
| नाफा/(नोक्सान) | – | (२,६२,३५५) | – | (२,६२,३५५) |
| लाभांश वितरण | – | – | – | – |
| शेयरधनीहरुलाई लाभांश | – | – | – | – |
| **ब्यालेन्स २०८१/०३/३१** | १०,६५,४१७ | ९८,९५४ | – | ११,६४,३७१ |
| अघिल्लो वर्षको समायोजन | – | – | – | – |
| पुनर्स्थापित शुरुको मौज्दात | १०,६५,४१७ | ९८,९५४ | – | ११,६४,३७१ |
| शेयर पूँजीको वृद्धि | – | – | – | – |
| पुनर्मूल्याङ्कनमा अतिरिक्त पीपीई | – | – | – | – |
| लगानीको पुनर्मूल्याङ्गनमा कमी | – | – | – | – |
| वर्षको लागि नाफा/नोक्सान | – | ७१,२०५ | | ७१,२०५ |
| लाभांश भुक्तानी | – | – | – | – |
| **ब्यालेन्स २०८२/०३/३२** | १०,६५,४१७ | १,७०,१५९ | – | १२,३५,५७६ |

**(ख) कम्पनीको आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरण :** यस कम्पनीको आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरण देहाय बमोजिम रहेको छ :

**वासलात प्रक्षेपित**

| विवरण | प्रक्षेपित (रु हजारमा) | | |
|---|---|---|---|
| | **आ.व. २०८२/८३** | **आ.व.२०८३/८४** | **आ.व.२०८४/८५** |
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| सम्पत्ति, प्लान्ट तथा मेशिनरी | १९,४४५ | १८,०९३ | १६,८८७ |
| निमार्ण अन्तर्गतको अमूर्त सम्पत्ति | ४९,०३,६१४ | ४६,५८,३७८ | ४४,१३,१४२ |
| अमूर्त सम्पत्ति (सफ्टवेयर) | २१ | १६ | १२ |
| अन्य व्यापक आयमा वित्तीय सम्पत्ति | ४२,३४२ | १,०४,१८७ | १,४२,११३ |
| **जम्मा गैर चालु सम्पत्ति** | ४९,६५,४२२ | ४७,८०,६७४ | ४५,७२,१५४ |
| **चालु सम्पत्ति** | | | |
| **गैर वित्तीय सम्पत्ति** | | | |
| ऋण तथा अग्रिम भुक्तानी | १५,०६६ | १५,०६६ | १५,०६६ |
| अग्रिम कर | ४,७३७ | ४,७३७ | ४,७३७ |
| अग्रिम भुक्तानी | ३,३२६ | ३,३२६ | ३,३२६ |
| **वित्तीय सम्पत्ति** | | | |

| विवरण | प्रक्षेपित (रु हजारमा) | | |
|---|---|---|---|
| | आ.व. २०८२/८३ | आ.व.२०८३/८४ | आ.व.२०८४/८५ |
| सुरक्षण निक्षेप | २,८२३ | २,८२३ | २,८२३ |
| व्यापार तथा अन्य आम्दानी | ३,१३,४९६ | ३,२२,८३० | ३,३२,३६६ |
| नगद तथा नगद बराबर | १३,६४० | ८७,८५८ | १,१९,७६८ |
| **जम्मा चालु सम्पत्ति** | **३,५३,०८८** | **४,३६,६४०** | **४,७८,०८६** |
| **कुल सम्पत्ति** | **५३,१८,५१०** | **५२,१७,३१४** | **५०,५०,२४०** |
| **इक्विटी र दायित्वहरु** | | | |
| **इक्विटी** | | | |
| शेयर पूँजी | १५,९८,१२६ | १५,९८,१२६ | १५,९८,१२६ |
| सञ्चित मुनाफा तथा कोष | ३,३५,१७८ | ५,७४,६९५ | ७,७०,८२८ |
| शेयर अग्रिम | - | - | - |
| **कुल पूँजी** | **१९,३३,३०४** | **२१,७२,८२१** | **२३,६८,९५४** |
| **दायित्वहरु** | | | |
| **गैर चालु दायित्वहरु** | | | |
| **वित्तीय दायित्वहरु** | | | |
| ऋण तथा सापटीहरु | २९,६५,६६८ | २६,००,०४३ | २१,७९,५७४ |
| व्यापार तथा अन्य भुक्तानी | ५,००० | ५,००० | ५,००० |
| **जम्मा गैर चालु दायित्वहरु** | **२९,७०,६६८** | **२६,०५,०४३** | **२१,८४,५७४** |
| **चालु दायित्वहरु** | | | |
| अन्य भुक्तानी/प्रावधान | ३,४७१ | ५,००७ | ६,१३८ |
| वित्तीय दायित्वहरु | | | |
| छोटो अवधीको ऋण | ३,४४,६८८ | ३,६५,६२५ | ४,२०,४६९ |
| कर्मचारी बोनश/सिएसआर | ५,०७१ | ७,३५९ | ८,४९२ |
| रोयल्टी तिर्नुपर्ने | ५,९६३ | ६,११४ | ६,२६८ |
| व्यापार तथा अन्य भक्तानी | ५५,३४५ | ५५,३४५ | ५५,३४५ |
| **जम्मा चालु दायित्वहरु** | **४,१४,५३८** | **४,३९,४५०** | **४,९६,७१२** |
| **कुल इक्विटी र दायित्वहरु** | **५३,१८,५१०** | **५२,१७,३१४** | **५०,५०,२४०** |

**नाफा नोक्सान हिसाव** **(रु.हजारमा)**

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
| **आम्दानी** | | | |
| आय | ७,५९,४३८ | ७,८२,०५० | ८,०५,१४९ |
| घटः रोयल्टी खर्च | (१७,८८९) | (१८,३४१) | (१८,८०३) |
| घटः अन्य बिक्री लागत | (५६,५७६) | (६१,१०२) | (६५,९९०) |
| **कुल नाफा** | **६,८४,९७३** | **७,०२,६०७** | **७,२०,३५६** |
| खुद निर्माण लागत (IFRIC-12) | - | - | - |
| अन्य आम्दानी | - | - | - |
| प्रशासनिक खर्च | (२४,३४६) | (२५,५६३) | (२६,८४१) |
| ह्रासकट्टी | (२,४५,२२३) | (२,४६,५९३) | (२,४६,४४६) |
| **कर अधिको सञ्चालनबाट नाफा/(नोक्सान)** | **४,१५,४०४** | **४,३०,४५१** | **४,४७,०६९** |
| अन्य गैर सञ्चालन खर्चहरु | - | - | - |
| वित्तीय आम्दानी | २७३ | २७३ | १,७५७ |
| वित्तीय खर्च | (२,४५,५१९) | (१,८३,७८०) | (१,६३,८५६) |
| **कर्मचारी बोनश अघि नाफा/नोक्सान** | **१,७०,१५८** | **२,४६,९४४** | **२,८४,९७०** |
| कर्मचारी बोनश | (३,४०३) | (४,९३९) | (५,६९९) |
| **कर अघि नाफा/नोक्सान** | **१,६६,७५५** | **२,४२,००५** | **२,७९,२७१** |
| आय कर प्रावधान | (६८) | (६८) | (४३९) |
| **यस वर्षको खुद नाफा/(नोक्सान)** | **१,६६,६८७** | **२,४१,९३७** | **२,७८,८३२** |

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
| अघिल्लो वर्षको समायोजन सम्मको सञ्चित नाफा/नोक्सान) | १,७०,१५९ | ३,३५,१७८ | ५,७४,६९५ |
| सामाजिक उत्तरदायित्व कोष | (१,६६८) | (२,४२०) | (२,७९३) |
| नगद लाभांश | - | - | (७९,९०६) |
| **यस वर्षसम्मको सञ्चित नाफा** | ३,३५,१७८ | ५,७४,६९५ | ७,७०,८२८ |

**नगद प्रवाह विवरण** **(रु. हजारमा)**

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
| **कारोवार सञ्चालनबाट नगद प्रवाह** | | | |
| कर पछिको नाफा/(नोक्सान) | १,६६,६८७ | २,४१,९३७ | २,७८,८३२ |
| अघिल्लो अवधिको समायोजन | - | - | - |
| **समायोजन:** | | | |
| ह्रासकट्टी तथा परिशोधन | २,४५,२२३ | २,४६,५९३ | २,४६,४४६ |
| सिएसआरको लागि समायोजन | (१,६६८) | (२,४२०) | (२,७९३) |
| वित्तीय खर्च | २,४५,५१९ | १,८३,७८० | १,६३,८५६ |
| व्याज आम्दानी | (२७३) | (२७३) | (१,७५७) |
| **कार्यशील पूँजी परिवर्तन हुनुभन्दा पहिले सञ्चालन नाफा** | **६,५५,४८८** | **६,६९,५१७** | **६,८४,५८४** |
| **कार्यशील पूँजीमा परिवर्तनको लागि समायोजन** | | | |
| वित्तीय सम्पत्ति कमी/(वृद्धि) | (६६,२५५) | (९,३३४) | (९,५३६) |
| गैर वित्तीय सम्पत्ति कमी/(वृद्धि) | १,१९१ | - | - |
| वित्तीय दायित्व (कमी)/वृद्धि | ४,१४२ | १,४३९ | १,२८७ |
| गैर वित्तीय दायित्व (कमी)/वृद्धि | ३,०३३ | १,५३६ | १,१३१ |
| **कारोवार सञ्चालनबाट नगद प्रवाह (क)** | **५,९७,५९९** | **६,६४,२५८** | **६,७७,४६६** |
| **लगानी कारोवार सञ्चालनबाट नगद प्रवाह** | | | |
| लगानीमा कमी/(वृद्धि) | (२,९४२) | (६१,८४५) | (३७,९२६) |
| **लगानी कारोवार सञ्चालनबाट नगद प्रवाह (ख)** | **(२,९४२)** | **(६१,८४५)** | **(३७,९२६)** |
| **वित्तीय कारोवारबाट नगद प्रवाह** | | | |
| हकप्रद शेयरबाट प्राप्त रकम | ५,३२,७०९ | - | - |
| ऋणमा (कमी)/वृद्धि | (८,८२,११७) | (३,४४,६८८) | (३,६५,६२५) |
| व्याज आम्दानी | २७३ | २७३ | १,७५७ |
| वित्तीय खर्च | (२,४५,५१९) | (१,८३,७८०) | (१,६३,८५६) |
| लाभांश भुक्तानी | - | - | (७९,९०६) |
| **वित्तीय कारोवारबाट नगद प्रवाह (ग)** | **(५,९४,६५४)** | **(५,२८,१९५)** | **(६,०७,६३०)** |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | ३ | ७४,२१८ | ३१,९१० |
| **शुरुको नगद तथा नगद सरह** | १३,६३७ | १३,६४० | ८७,८५८ |
| **अन्तिमको नगद तथा नगद सरह** | **१३,६४०** | **८७,८५८** | **१,१९,७६८** |

**सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण :**

| विवरण | वास्तविक | | | आ.व.२०८२/०८३ पुष मसान्तको अपरिष्कृत वित्तीय विवरण | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ |
| चुक्ता पूँजी (रु.हजारमा) | १०,६५,४१७ | १०,६५,४१७ | १,०६५,४१७ | १,०६५,४१७ | १,५९८,१२६ | १,५९८,१२६ | १,५९८,१२६ |
| जगेडा तथा कोषहरु (रु.हजारमा) | ३,६१,३०९ | ९८,९५४ | १७०,१५९ | २७७,१९६ | ३३५,१७८ | ५७४,६९५ | ७७०,८२८ |

| विवरण | वास्तविक | | | आ.व.२०८२/०८३ पुष मसान्तको अपरिष्कृत वित्तीय विवरण | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ |
| कुल नेटवर्थ (रु.हजारमा) | १४,२६,७२६ | ११,६४,३७१ | १,२३५,५७६ | १,३४२,६१३ | १,९३३,३०४ | २,१७२,८२१ | २,३६८,९५४ |
| शेयर संख्या | १,०६,५४,१७० | १,०६,५४,१७० | १,०६,५४,१७० | १,०६,५४,१७० | १,५९,८१,२६० | १,५९,८१,२६० | १,५९,८१,२६० |
| प्रति शेयर नेटवर्थ (रु.) | १३३.९१ | १०९.२९ | ११५.९७ | १२६.०२ | १२०.९७ | १३५.९६ | १४८.२३ |
| प्रति शेयर आम्दानी (रु.) | (१७.८२) | (२४.६३) | ६.६८ | १०.०५ | १०.४३ | १५.१४ | १७.४५ |
| नेटवर्थमा औषत प्रतिफल (प्रतिशत) | (१३.३१) | (२२.५३) | ५.७६ | ७.९७ | ८.६२ | ११.१३ | ११.७७ |
| **निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल (%)** | | | | | | | **८.३१%** |

**प्रक्षेपित वित्तीय विवरणहरु तयार गर्दाका आधार तथा प्रक्षेपणका तरीकाहरु :**

**(क) आम्दानी :** विद्युत खरीद बिक्री सम्बन्धी सम्झौता बमोजिम वर्षा याममा प्रति कि.वा.घण्टा रु.४।८० र सुख्खा याममा प्रति कि.वा.घण्टा रु.८।४० खरीद दर कायम गरिएको छ । व्यापारिक उत्पादन शुरु भएको मिति २०७९ आश्विन १४ गतेदेखि ८ वर्षसम्म विद्युत खरीद दरमा प्रत्येक वर्ष वार्षिक ३ प्रतिशतका दरले वृद्धि हुने गरी आम्दानी प्रक्षेपण गरिएको छ ।

**(ख) अन्य ब्याज आम्दानी :** कम्पनीको प्रत्येक आर्थिक वर्षको शुरुको बैंक तथा नगद मौज्दातमा २ प्रतिशतको दरले ब्याज आम्दानी हुने गरी अन्य ब्याज आम्दानी प्रक्षेपण गरिएको छ ।

**(ग) रोयल्टी खर्च :** व्यापारिक उत्पादन शुरु गरेको पहिलो १५ वर्षसम्म प्रति जडित किलोवाट वार्षिक रु. १००।०० को दर तथा प्रति युनिट (किलोवाट घण्टा) सरदर बिक्री मूल्यको २ प्रतिशतका दरले र १५ वर्षपछि प्रति जडित किलोवाट वार्षिक रु. १,०००।०० तथा प्रति युनिट (किलोवाट घण्टा) सरदर बिक्री मुल्यको १० प्रतिशतका दरले रोयल्टी खर्च हुने गरी प्रक्षेपण गरिएको छ ।

**(घ) वित्तीय खर्च :** कम्पनीको आर्थिक वर्षको प्रत्येक त्रयमासको शुरुको भुक्तानी गर्न बाँकि ऋण रकमको वार्षिक ५.७४ प्रतिशतका दरले ब्याज खर्च हुने गरी प्रक्षेपण गरिएको छ ।

**(ङ) कर्मचारी बोनश :** बोनश ऐन, २०३० तथा विद्युत ऐन, २०४९ बमोजिम खुद मुनाफाको २ प्रतिशतका दरले कर्मचारी बोनश खर्च हुने गरी प्रक्षेपण गरिएको छ ।

**(च) कर्मचारी तथा अन्य खर्च :** कम्पनीको प्रत्यक्ष खर्च वार्षिक ८ प्रतिशत र अन्य खर्च वार्षिक ५ प्रतिशतका दरले वृद्धि हुने गरी प्रक्षेपण गरिएको छ ।

**(छ) ह्रासकट्टी खर्च :** कम्पनीको भवनमा ५ प्रतिशत, फर्निचर तथा अफिस उपकरणमा २५ प्रतिशत, सवारी साधनमा २० प्रतिशत र अन्य सम्पत्तिमा १० प्रतिशत वार्षिक ह्रासकट्टी हुने गरी प्रक्षेपण गरिएको छ ।

**(ज) अपलेखन खर्च :** कम्पनीको अदृष्य सम्पत्तिलाई आयोजनाको NFRS को मापदण्ड बमोजिम Remaining Useful Life को आधारमा प्रत्येक वर्ष खर्च अपलेखन गर्ने गरी प्रक्षेपण गरिएको छ ।

**(त) संगठित संस्थाको पछिल्लो वर्षको लेखापरिक्षण भएको वासलात र नाफा नोक्सान हिसावको विवरण :**

(क)कम्पनीको आ.व. २०८१/०८२ को वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण देहाय बमोजिम रहेको छः

**वासलात** **(रु. हजारमा)**

| **विवरण** | **आ.व. २०८१/०८२** |
|---|---|
| **सम्पत्ति** | |
| **गैर चालु सम्पत्ति** | |
| सम्पत्ति, प्लान्ट तथा मेशिनरी | १९,४२५ |
| परियोजना सम्पत्ति | २८ |
| निमार्ण अन्तर्गतको अमूर्त सम्पत्ति | ५१,४८,८५० |
| अन्य वित्तीय सम्पत्ति | - |
| लगानी | ३९,४०० |
| **जम्मा गैर चालु सम्पत्ति** | **५२,०७,७०३** |
| **चालु सम्पत्ति** | |
| **गैर वित्तीय सम्पत्ति** | |
| अग्रिम भुक्तानी | ११,०९५ |

| विवरण | आ.व. २०८१/०८२ |
|---|---|
| अग्रिम कर | ४,७३७ |
| अग्रिम खर्च | ८,४८८ |
| **वित्तीय सम्पत्ति** | |
| नगद तथा नगद बराबर | १३,६३७ |
| सुरक्षण निक्षेप | २,८२२ |
| व्यापार तथा अन्य लिनुपर्ने | २,४७,२४२ |
| **जम्मा चालु सम्पत्ति** | **२,८८,०२१** |
| **कुल सम्पत्ति** | **५४,९५,७२४** |
| **इक्विटी र दायित्वहरु** | |
| **इक्विटी** | |
| शेयर पूँजी | १०,६५,४१७ |
| सञ्चित मुनाफा | १,७०,१५९ |
| **कुल पूँजी** | **१२,३५,५७६** |
| **दायित्वहरु** | |
| **गैर चालु दायित्वहरु** | |
| **वित्तीय दायित्वहरु** | |
| ऋण तथा सापटीहरु | ३८,०३,०६५ |
| कर्मचारी भत्ता दायित्व | ५,००० |
| **जम्मा गैर चालु दायित्वहरु** | **३८,०८,०६५** |
| **चालु दायित्वहरु** | |
| **अन्य वित्तीय दायित्वहरु** | |
| तिर्नु पर्ने | ४३८ |
| **वित्तीय दायित्वहरु** | |
| छोटो अवधिको ऋण | ३,८९,४०८ |
| कर्मचारी भत्ता दायित्व | १,४८७ |
| व्यापार तथा अन्य भुक्तानी | ५५,३४५ |
| **जम्मा चालु दायित्वहरु** | **४,५२,०८३** |
| **कुल इक्विटी र दायित्वहरु** | **५४,९५,७२४** |

**नाफा नोक्सान हिसाव** **(रु. हजारमा)**

| विवरण | आ.व. २०८१/०८२ |
|---|---|
| **आम्दानी** | |
| आय | ७,४४,१९२ |
| बिक्री लागत | ६७,७९० |
| **कुल नाफा** | **६,७६,४०३** |
| निर्माण अवधिको आम्दानी IFRIC-12 अनुसार | - |
| अन्य आम्दानी | ४,१८५ |
| **जम्मा आम्दानी** | **६,८०,५८८** |
| **खर्च** | |
| प्रशासनिक खर्च | २३,१८७ |
| ह्रासकट्टी | २४,६,६८८ |
| अन्य खर्च | - |
| **कुल खर्च** | **२,६९,८७५** |
| **कर अघिको सञ्चालनबाट नाफा/(नोक्सान)** | **४,१०,७१३** |
| वित्तीय खर्च | ३,३८,०५५ |
| कर्मचारी बोनश खर्च | (१,४५३) |
| **यस वर्षको खुद नाफा/(नोक्सान)** | **७१,२०५** |
| प्रति शेयर आम्दानी (रु.) | ६.६८ |
| **अन्य विस्तृत आम्दानी** | - |
| **अन्य विस्तृत आम्दानी (खुद)** | ७१,२०५ |

**नगद प्रवाह विवरण** **(रु. हजारमा)**

| विवरण | आ.व. २०८१/८२ |
|---|---|
| **कारोवार सञ्चालनबाट नगद प्रवाह** | |
| कर अघिको नाफा/(नोक्सान) | ७१,२०५ |
| विगत वर्षहरुको समायोजन | - |
| **समायोजन** | |
| ह्रासकट्टी तथा परिशोधन | २,४६,६८८ |
| सम्पत्ति बिक्रीमा भएको नाफा/नोक्सान | - |
| वित्तीय खर्च | ३,३८,०५५ |
| **चालु पूँजीमा भएको परिवर्तनको समायोजन** | |
| वित्तीय सम्पत्ति कमी/(वृद्धि) | (१,०७,०३५) |
| अन्य सम्पत्ति कमी/(वृद्धि) | ३३,४२० |
| वित्तीय दायित्व (कमी)/वृद्धि | (१,४०,९८०) |
| अन्य दायित्व (कमी)/(वृद्धि | ४,५४१ |
| **कारोवार सञ्चालनबाट नगद प्रवाह (क)** | ४,४५,८९४ |
| **लगानी कारोवार सञ्चालनबाट नगद प्रवाह** | |
| सम्पत्ति, प्लान्ट तथा मेशिनरी सामान खरिद | (८,२७२) |
| परियोजना सम्पत्ति खरिद भुक्तानी | - |
| सम्पत्ति, प्लान्ट तथा मेशिनरी सामान बिक्री | - |
| बीमा रकम भुक्तानी | - |
| अर्मूत सम्पत्ति प्राप्ति | - |
| **लगानी कारोवार सञ्चालनबाट नगद प्रवाह (ख)** | (८,३०६) |
| **वित्तीय कारोवारबाट नगद प्रवाह** | |
| ऋणमा (कमी)/वृद्धि | (८७,४४४) |
| वित्तीय खर्च | ३,३८,०५५ |
| **वित्तीय कारोवारबाट नगद प्रवाह (ग)** | (४,२५,४९९) |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | (१२,०८९) |
| **शुरुको नगद तथा नगद सरह** | १,५४८ |
| **अन्तिमको नगद तथा नगद सरह** | १३,६३७ |

**पूँजीमा भएको परिवर्तनको विवरण** **(रु. हजारमा)**

| विवरण | शेयर पूँजी | सञ्चित मुनाफा | अन्य कोष | जम्मा |
|---|---|---|---|---|
| **ब्यालेन्स २०८१/०३/३१** | १०,६५,४१७ | ९८,९५४ | - | ११,६४,३७१ |
| **अघिल्लो वर्षको समायोजन** | - | - | - | - |
| पुनर्स्थापित शुरुको मौज्दात | १०,६५,४१७ | ९८,९५४ | - | ११,६४,३७१ |
| शेयर पूँजीको वृद्धि | - | - | - | - |
| पुनर्मूल्याङ्गनमा अतिरिक्त पीपीई | - | - | - | - |
| लगानीको पुनर्मूल्याङ्कनमा कमी | - | - | - | - |
| **वर्षको लागि नाफा/नोक्सान** | - | ७१,२०५ | | ७१,२०५ |
| लभांश भुक्तानी | - | - | - | - |
| **ब्यालेन्स २०८२/०३/३२** | १०,६५,४१७ | १,७०,१५९ | - | १२,३५,५७६ |

**(ख) आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मितिसम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नु पर्ने:** आ.व.२०८२/०८३ को दोस्रो त्रयमासको पुष मसान्तसम्मको व्यवस्थापन र लेखापरीक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वासलात तथा नाफा नोक्सान हिसावको विवरण देहाय बमोजिम रहेको छ :

**वासलात** (रु. हजारमा)

| विवरण | अपरिष्कृत |
|---|---|
| | पुष मसान्त २०८२/०८३ |
| **सम्पत्ति** | |
| **गैर चालु सम्पत्ति** | |
| सम्पत्ति, प्लान्ट तथा मेशिनरी | १८,८८८ |
| सफ्टवेयर अमूर्त सम्पत्ति | २४ |
| निमार्ण अन्तर्गतको अमूर्त सम्पत्ति | ५०,२८,३५६ |
| गैर वित्तीय सम्पत्ति | - |
| लगानी | ४०,००० |
| **जम्मा गैर चालु सम्पत्ति** | **५०,८७,२६८** |
| **चालु सम्पत्ति** | |
| **गैर वित्तीय सम्पत्ति** | |
| पेश्कि तथा धरौटी | १५,०६६ |
| अग्रिम कर | ४,७३७ |
| अग्रिम भुक्तानी | ३,३२६ |
| **वित्तीय सम्पत्ति** | |
| नगद तथा नगद बराबर | १५,५६० |
| सुरक्षण निक्षेप | २,८२३ |
| व्यापार तथा अन्य लिनु पर्ने | ३,६८,१८६ |
| **जम्मा चालु सम्पत्ति** | **४,०९,६९८** |
| **कुल सम्पत्ति** | **५४,९६,९६६** |
| **इक्विटी र दायित्वहरु** | |
| **इक्विटी** | |
| शेयर पूँजी | १०,६५,४१७ |
| संचित मुनाफा | २,७७,२१५ |
| **कुल पूँजी** | **१३,४२,६३२** |
| **दायित्वहरु** | |
| **गैर चालु दायित्वहरु** | |
| **वित्तीय दायित्वहरु** | |
| ऋण तथा सापटीहरु | ३६,४५,६९४ |
| कर्मचारी दायित्व | ५,००० |
| **जम्मा गैर चालु दायित्वहरु** | **३६,५०,६९४** |
| **चालु दायित्वहरु** | |
| **अन्य वित्तीय दायित्वहरु** | |
| तिर्नु पर्ने | १,१०० |
| **वित्तीय दायित्वहरु** | |
| छोटो अवधीको ऋण | ४,३४,४०८ |
| कर्मचारी दायित्व | ६,०८५ |
| व्यापार तथा अन्य भुक्तानी | ६२,०४६ |
| **जम्मा चालु दायित्वहरु** | **५,०३,६४०** |
| **कुल इक्विटी र दायित्वहरु** | **५४,९६,९६६** |

**नाफा नोक्सान हिसाव** (रु. हजारमा)

| विवरण | अपरिष्कृत |
|---|---|
| | पुष मसान्त २०८२/०८३ |
| **आम्दानी** | |
| आय | ३,९८,२५५ |
| बिक्री लागत | २७,९३६ |
| **कुल नाफा** | **३,७०,३१९** |
| अन्य आम्दानी | - |

| विवरण | अपरिष्कृत |
|---|---|
| | पुष मसान्त २०८२/०८३ |
| **जम्मा आम्दानी** | ३,७०,३१९ |
| **खर्च** | |
| प्रशासनिक खर्च | ७,४७६ |
| ह्रासकट्टी | १,२३,०८६ |
| अन्य खर्च | - |
| **कुल खर्च** | १,३०,५६२ |
| **कर अधिको सञ्चालनबाट नाफा/(नोक्सान)** | २,३९,७५७ |
| वित्तीय खर्च | १,३०,५१७ |
| कर्मचारी बोनश | २,१८४ |
| **यस वर्षको खुद नाफा/(नोक्सान)** | १,०७,०५६ |

**नगद प्रवाह विवरण** **(रु. हजारमा)**

| विवरण | पुष मसान्त २०८२/०८३ |
|---|---|
| **कारोवार सञ्चालनबाट नगद प्रवाह** | |
| यस वर्षको नाफा/(नोक्सान) | १,०७,०५६ |
| **समायोजन** | |
| वित्तीय खर्च | १,३०,५१७ |
| **सञ्चालन सम्पत्तिमा परिवर्तन** | |
| वित्तीय सम्पत्ति कमी/(वृद्धि) | (१,२०,९४३) |
| गैर वित्तीय सम्पत्ति कमी/(वृद्धि) | १,१९१ |
| वित्तीय दायित्व (कमी)/वृद्धि | २,८५,२६९ |
| गैर वित्तिय वित्तीय दायित्व (कमी)/वृद्धि | ६६२ |
| **कारोवार सञ्चालनबाट नगद प्रवाह (क)** | ३,९६,३२० |
| **लगानी कारोवार सञ्चालनबाट नगद प्रवाह** | |
| सम्पत्ति, प्लान्ट तथा मेशिनरी सामान खरिद | (१५२) |
| लगानीमा बृद्धि | (६००) |
| अर्मूत सम्पत्ति प्राप्ति | (१,८९९) |
| **लगानी कारोवार सञ्चालनबाट नगद प्रवाह (ख)** | (२,६५१) |
| **वित्तीय कारोवारबाट नगद प्रवाह** | |
| ऋणमा (कमी)/वृद्धि | (३,९१,७४६) |
| **वित्तीय कारोवारबाट नगद प्रवाह (ग)** | (३,९१,७४६) |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | १,९२३ |
| **शुरुको नगद तथा नगद सरह** | १३,६३७ |
| **अन्तिमको नगद तथा नगद सरह** | १५,५६० |

**पूँजीमा भएको परिवर्तनको विवरण** **(रु. हजारमा)**

| विवरण | शेयर पूँजी | सञ्चित मुनाफा | अन्य कोष | जम्मा |
|---|---|---|---|---|
| ओपेनिङ्ग ब्यालेन्स २०८२/०४/०१ | १०,६५,४१७ | १,७०,१५९ | | १२,३५,५७६ |
| अघिल्लो वर्षको समायोजन | | | | |
| **पुर्नलिखित शुरुवाती ब्यालेन्स** | १०,६५,४१७ | १,७०,१५९ | | १२,३५,५७६ |
| शेयर पुँजीमा वृद्धि | - | - | - | - |
| लगानीको पुर्नमुल्याङ्कनमा घाटा | - | - | - | - |
| नाफा/नोक्सान | - | १,०७,०५६ | | १,०७,०५६ |
| लाभांश भुक्तानी | - | - | - | - |
| **ब्यालेन्स २०८२ पौष मसान्त** | १०,६५,४१७ | २,७७,२१५ | - | १३,४२,६३२ |

**(ग) धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्कासन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :**

धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्कासन गर्ने प्रयोजनार्थ नेपाल धितोपत्र बोर्डबाट मिति २०७४/०२/१६ मा प्राप्त स्वीकृत विवरणपत्रमा उल्लेखित वित्तीय विवरण एवं लक्ष्य तथा कार्यक्रमको सम्बन्धमा तत्कालिन अवस्थामा कम्पनीद्वारा प्रवर्द्धित निर्माणाधिन अवस्थाको दोर्दी खोला जलविद्युत आयोजनाको भौतिक निर्माण प्रगति ४३ प्रतिशत रहेको र आयोजनाको निर्माण कार्य मिति २०७५ साल जेष्ठ भित्र सम्पन्न गर्ने लक्ष्य राखी सोही अनुसार २०७५ साल आषाढदेखि आम्दानी गर्ने गरी देहाय बमोजिम वित्तीय विवरण प्रक्षेपण गरिएको थियो ।

(रकम रु.हजारमा)

| विवरण | आ. व. २०७३/०७४ | आ. व.२०७४/०७५ (२०७५ आषाढ १ गतेदेखि२०७५ आषाढ मसान्तसम्म) | आ. व. २०७५/०७६ |
|---|---|---|---|
| खुद मुनाफा प्रक्षेपित | - | (९३,१९७) | ५२,४४० |
| खुद मुनाफा वास्तविक | - | - | - |

नेपाल विद्युत प्राधिकरणबाट निर्माण सम्पन्न हुनुपर्ने मर्स्याङ्गदी कोरिडोर प्रशारण लाईन तथा उदीपुर सबस्टेसनको काम सम्पन्न नभएको कारण आयोजनाको निर्माण कार्य सम्पन्न भएतापनि Testing र Commissioning को काम बाँकि रहेकोले प्रक्षेपण गरिएको वर्षहरु आ.व. २०७४/०७५ को आषाढ महिना र आ.व. २०७५/०७६ मा विद्युतशक्ति उत्पादन नै हुन सकेन । तत्पश्चात् कम्पनीले आफ्नै खर्चमा मध्य मर्स्याङ्गदी जलविद्युत केन्द्रमा सबस्टेशन तयार गरी मिति २०७९ आश्विन १४ गतेदेखि Contingency Plan (नेपाल विद्युत प्राधिकरणको Dispatch Instruction को आधारमा विद्युत उत्पादन गर्नु पर्ने अवस्था) अन्तर्गत कम क्षमतामा आयोजना सञ्चालन गर्नु परेको कारण कम्पनीले नोक्सानी व्यहोर्नुपरेको अवस्था रहयो । तसर्थ, विद्युतशक्ति उत्पादन नभएको कारणबाट आ.व. २०७४/०७५ को आाषाढ महिना र आ.व. २०७५/०७६ मा प्रक्षेपण गरिएका लक्ष्य तथा कार्यक्रमहरु सम्पन्न नभएको एवं खुद मुनाफा पनि हासिल गर्न नसकिएको ।

(१) **आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मितिसम्ममा वासलातको मितिपछिको घटनाको बारेमा छुट्टै जानकारी :** सो नभएको ।

(२) **धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नुपर्नेछ** : धितोपत्र निष्काशन खुल्ला हुनुपूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गरिनेछ ।

**(थ) संगठित संस्थाले गर्ने भएको काममा निहित सम्भावित जोखिमहरु :**

**(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :**

- ♦ सञ्चालनमा रहेको जलविद्युत केन्द्र भएकोले वित्तीय जोखिम कम रहेको ।
- ♦ नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने जोखिम नरहेको ।
- ♦ कम्पनीको सम्पूर्ण ऋण चुक्ता भईनसकेको कारणले भविष्यमा ब्याजदर बढ्न गएमा कम्पनीको नाफामा संकुचन हुने जोखिम हुन सक्ने ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :**

- ♦ जलश्रोतको मुहानमा वातावरणको कारण अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने जोखिम रहेको ।
- ♦ निर्माण सम्पन्न भैसकेको यस परियोजनाको मर्मत सम्भार गर्दा चाहिने स्पेयर पार्टसको अभाव हुन गएमा जोखिम उत्पन्न हुने ।

**(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**

- ♦ बजारको जोखिम नरहेको (आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भैसकेको हुनाले यस्तो जोखिम नरहेको । नेपाल विद्युत प्राधिकरण पूर्णतया नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुँदा विद्युत बिक्रीबाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको ) ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Over Run) को जोखिम :**

- ♦ आयोजना सम्पन्न भएर सञ्चालनमा रहेकाले आयोजनाको लागतमा बृद्धि हुने जोखिम नरहेको ।

**(ङ) विदेशी विनिमयको जोखिम :**

- ♦ आयोजना सञ्चालनमा रहेको र हाल विदेशी मुद्रामा कारोबार गर्नुपर्ने नभएकोले विदेशी विनिमयको जोखिम नरहेको ।

**(च) कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु :**

- ♦ हाल कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पुर्ण इजाजतपत्रहरु प्राप्त गरिसकेकोले सो जोखिम नरहेको ।

**(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**

- ♦ अन्तर्राष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनै पनि किसिमको मन्दीबाट आर्थिक गतिविधमा असर पर्न सक्ने जोखिम रहेको तथा अन्तर्राष्ट्रिय बजारमा हुने परिवंतनले व्याजदर वृद्धिको जोखिम रहेको ।

**(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम:**

- ♦ नेपाल सरकारले अंगीकार गरेको वर्तमान जलविद्युत नीतिमा प्रभाव पार्ने गरी कुनै निर्णय वा कानून लागू गरेमा कम्पनीको आयमा असर पर्न सक्नेछ ।

**(झ) सञ्चालन अनुभवको अभाव :**

- ♦ यस कम्पनीले आफ्नो कारोवार मिति २०६८/०३/२३ गते देखि सञ्चालन गरेको हुँदा कम्पनीको कारोवार सञ्चालनको इतिहास करिब १३ वर्ष भन्दा बढी रहेको छ ।

**(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :**

- ♦ जलविद्युत आयोजना निमार्णको लागि आवश्यक टर्वाइन, पेनस्टक, जेनेरेटर लगायतका विभिन्न उपरकणमा आउने परिवर्तन तथा नयाँ टेक्नोलोजीबाट विद्युत उपकरणहरु फेज आउट भएमा उत्पन्न हुन सक्ने जोखिमहरु रहेको छ ।

**(ट) अन्य :**

- प्राकृतिक प्रकोप तथा काबु बहिरका परिस्थितिको कारणबाट विद्युत केन्द्रका संरचनाहरूमा क्षति पुग्न गएमा ।
- अप्रत्याशित रूपमा वातावरणमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्नेछ ।

(ठ) **पूर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम :** यस कम्पनीको आयोजना सम्पन्न भई सञ्चालनमा रहेको तथा विद्युत उत्पादन भई नेपाल बिद्युत प्राधिकरणलाई नियमित रुपमा आपूर्ति भइरहेको हुँदा आयोजनाको निर्माण लागतमा वृद्धि हुने जोखिम नरहेको ।

- ♦ **दैवि प्रकोप तथा काबु बाहिरको परिस्थिति उत्पन्न भई हुन सक्ने जोखिमहरु:** जलविद्युत आयोजना सञ्चालन गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, बाढी पहिरो जस्ता कारणले हुने क्षति र यसबाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्यूनिकरणका लागि परियोजनाको सम्पत्ति तथा आम्दानीमा हुन सक्ने क्षति (लस अफ प्रोफिट) लाई खाम्ने गरी बीमाको व्यवस्था गरिएको छ ।
- ♦ **देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु :** सरकारले लिएका निर्णयले अर्थतन्त्रमा परिवर्तन आएमा, तरलता अभाव भएमा, नीतिगत निर्णयमा नियामक निकायको भरपर्दो भुमिका नरहेमा, आर्थिक तथा नीतिगत जोखिम रहेको ।
- ♦ **पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु** : यस कम्पनी नेपाल स्टक एक्सचेन्जमा सूचीकृत भई कारोबार गरिरहेको कम्पनी भएकाले पूँजी बजारमा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु रहेको ।

**उपरोक्तनुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनले योजना :**

कम्पनीले क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति तथा क्षमता विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानी-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी-नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने कम्पनीको नीति रहेको व्यहोरा जानकारी गराउँछौं । सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ । उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव

पार्दैन। नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो। तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको व्यबस्थापनको धारणा रहेको छ। त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी नहुने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा जोखिम नरहेको व्यवस्थापनको धारणा रहेको छ । साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यबस्थाको साथै केन्द्र र आयोजनाका आवश्यक संरचना, मेशिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न र आयोजना बन्द भएमा बन्द भएको अवधिको नोक्सानी बापतको लागि निम्न बमोजिमको बीमा गरिएको छ। कम्पनीको संभावित नोक्सानी तथा अग्नि बीमा देहाय बमोजिमको इन्सुरेन्स कम्पनीहरुमा निम्न रकम बराबरको बीमा गरिएको छ।

| सि. नं. | बीमा पोलिसीको नाम | बीमा गरिएको मिति | बीमा कायम रहने अवधि | बीमा गरिएको कम्पनीको नाम | बीमाङ्क रकम(रु.) | बीमा प्रिमियम रकम (रु.) |
|---|---|---|---|---|---|---|
| १ | सामूहिक दर्घटना बीमा | २०८२/०८/११ | १ वर्ष | सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड | २,६०,००,०००।०० | ४४,४८०।०० |
| २ | सामूहिक औषधी उपचार बीमा | २०८२/०८/११ | १ वर्ष | | २,६०,००,०००।०० | २,४८,५००।०० |
| ३ | लस अफ प्रोफिट (प्रोपर्टी) बीमा | २०८२/०१/३१ | १ वर्ष | एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड | ७१,५८,५९,५४७।०० | ३२,३५,७०५।१४ |
| ४ | सम्पत्ति बीमा (आयोजनाको सिभिल, हाइड्रो मेकानिकल, इलेक्ट्रो मेकानिकल, पावर हाउस, स्वीच यार्ड, भल्भ हाउस र ट्रान्समिसन लाइन लगायतका सम्पूर्ण संरचनाहरु) | २०८२/०१/३१ | १ वर्ष | | ३,०४,८४,२६,८७६।०० | ६८,८९,४६४।७४ |

**धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :**

प्रति शेयर अंकित मूल्य रु.१००।- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

**(द) धितोपत्र बाँडफाँट सम्बन्धी व्यवस्था :**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशन गरिने हकप्रद शेयर प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" ले निर्धारित गरेको समय भित्र कम्पनीको सञ्चालक समितिले हकप्रद शेयरको बाँडफाँट गरी सोको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ। निष्काशन गरिएको हकप्रद शेयर पूर्ण रुपमा बिक्री नभएमा, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३, तथा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा रहेको तल उल्लेखित व्यवस्था अनुरुप बाँकी रहेको शेयरहरू निष्काशन तथा बिक्री प्रबन्धक मार्फत बोर्डलाई जानकारी गराई लिलाम बढाबढमा बिक्री गरिने छ।

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को दफा २१ मा रहेको व्यवस्था :**

**लिलाम बढाबढ गर्नु पर्ने:**

(१) हकप्रद शेयर बिक्रीको लागि खुला गरिएको अवधिभित्र सम्पूर्ण शेयर बिक्री हुन नसकी बाँकी रहन गएमा त्यसरी बाँकी रहेको शेयर सम्बन्धित संगठित संस्थाले बाँडफाँट भएको सात दिन भित्र लिलाम बढाबढका लागि सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम लिलाम बढाबढको सूचना दिँदा बोलकबोलका लागि बढीमा पन्ध्र दिनको सूचना प्रकाशित गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम बोलकबोलको अवधि समाप्त भएको सात कार्य दिनभित्र लिलाम बढाबढ गरी बाँडफाँट गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम बाँडफाँट भएको सात कार्य दिन भित्र सम्बन्धित लगानीकर्तालाई बाँडफाँटपत्र सहित रकमफिर्ता भुक्तानी गरिसक्नु पर्नेछ।

(५) उपनियम (३) बमोजिम लिलाम बढाबढमा सबै शेयर बिक्री नभएमा बोर्डलाई जानकारी गराई उपनियम (४) बमोजिम फिर्ता भुक्तानी सम्पन्न भएको सात दिन भित्र पुन: लिलाम बढाबढको सूचना प्रकाशन गर्नु पर्नेछ।

**धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा १५ मा रहेको व्यवस्था :**

हकप्रद शेयर लिलाम बढाबढ गर्ने प्रक्रिया :

(१) हकप्रद शेयर खुला अवधिमा सम्पूर्ण शेयर बिक्री नभई बाँकी रहन गएमा त्यसरी बाँकी रहेको शेयरहरू निष्काशन तथा बिक्री प्रबन्धक मार्फत बोर्डलाई जानकारी गराई लिलाम बढाबढमा बिक्री गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम लिलाम प्रक्रिया गर्दा देहायका अवस्थाहरू पूरा गर्नु पर्नेछ :-

(क) सबै समूहको (संस्थापक, सर्वसाधारण र अन्य) लिलाम प्रक्रिया एकै पटक गर्नु पर्ने,

(ख) अङ्कित मूल्यमा बढाबढ गर्नु पर्ने,

(ग) हकप्रद शेयर लिलाम बढाबढबाट बिक्री गर्ने सम्वन्धी सूचना बिक्री खुला हुनुभन्दा कम्तिमा सात दिन अगाडि कुनै दुईवटा राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गर्नु पर्ने,

(घ) खण्ड (ग) बमोजिम प्रकाशित सूचनाको संक्षिप्त विवरण (बिक्री गर्न लागिएको शेयर संख्या, न्यूनतम मूल्य, कम्पनीको नाम र विस्तृत विवरण प्रकाशन गरिएको पत्रिकाको नाम तथा प्रकाशित मिति) समावेश भएको सूचना देहाय बमोजिम प्रकाशन गर्नु पर्ने :-

१. बिक्री खुला हुनुभन्दा तीन दिन अगाडि : कम्तीमा दुईवटा प्रमुख अनलाईन पत्रिकामा,

२. बिक्री खुला हुनुभन्दा दुई दिन अगाडि : कम्तीमा दुईवटा प्रमुख एफएम रेडियामा,

३. बिक्री खुला हुनुभन्दा एक दिन अगाडि : कम्तीमा दुईवटा प्रमुख राष्ट्रिय आर्थिक पत्रिकामा

(ङ) खण्ड (घ) बमोजिम प्रकाशित सूचना निष्काशन तथा बिक्री प्रबन्धक र सम्बन्धित कम्पनीको वेवसाइटमा राख्नु पर्ने,

(च) लिलाम बढाबढको दरखास्त लिने अवधि कम्तीमा सात कार्य दिन राख्नु पर्ने,

(छ) लिलाम बढाबढ गर्दा लिलाम सम्बन्धी सामान्य सिद्धान्त अनुशरण गर्नु पर्ने,

(ज) लिलाम बढाबढ गर्दा सबै शेयर खरिदका लागि दरखास्त नपरे पनि निवेदन परेको शेयर सम्बन्धित निवेदकलाई बाँडफाँट गर्नु पर्ने र बाँकी शेयर पुनः लिलाम बढाबढ गर्नु पर्ने,

(झ) लिलाम बढाबढमा शेयर खरिदका लागि दरखास्त दिने आवेदकले फिर्ता भुक्तानी पाउने रकम फिर्ता गर्ने कार्य तीन दिन भित्र शुरु गर्नु पर्ने,

(ञ) लिलाम बढाबढ गरिएका शेयरका सम्बन्धमा विस्तृत विवरण सहित उक्त लिलामबाट प्राप्त हुने रकम मध्ये बोर्डमा धितोपत्र दर्ता गर्दा उल्लेखित रकम भन्दा बढी भएको रकमको नियमावलीको व्यवस्था बमोजिम थप दर्ता शुल्क सात कार्य दिन भित्र बुझाउनुपर्ने ।

**(ध) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :** कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा सम्पर्क राखी कम्पनीको प्रबन्धपत्र नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव तथा लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न सकिनेछ ।

(क) कम्पनीको रजिष्टर्ड कार्यालय का.जि.का.म.न.पा. वडा नं.३, पानीपोखरी, काठमाण्डौं ।

(ख) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक : ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौं ।

**(न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण** : प्रत्याभूति नगरिएको ।

**(प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने हकप्रद शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्काशनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिनभित्र धितोपत्र सूचिकरण तथा अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिइनेछ । साथै, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गरी बाँडफाँट भएको हकप्रद शेयर भौतिक प्रमाणपत्र रहित गरी विद्युतीय रूपमा शेयरधनीको डिम्याट खातामा जम्मा गरी खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

**(फ) संगठित संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :** सो नभएको ।

**(ब) धितोपत्र खरिद गर्न चाहने आवेदकले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

(१) शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउनेछन् । आफ्नो शेयर अभौतिक रुपमा धारण गरेका शेयरधनीहरुले **सि-आस्वा (CASBA)** मार्फत आफ्नो खाता रहेको बैंकबाट वा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले उपलब्ध गराएको **मेरो शेयर (MERO SHARE)** मार्फत आवेदन दिने प्रक्रिया "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा कार्य संचालन निर्देशिका, २०७४" मा भएको व्यवस्था बमोजिम हुनेछ । भौतिक रुपमा शेयर धारण गरेको शेयरधनीहरुले बिक्री प्रबन्धकले तोकिएको संकलन केन्द्रबाट आवेदन फाराम प्राप्त गरी हकप्रद शेयरको आवेदन दिन सक्नेछन् ।

(२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली कम्पनीद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

(३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

(क) आवेदकको पूरा नाम (नेपाली तथा अग्रेजी) दुबैमा उल्लेख गर्नुपर्नेछ ।

(ख) आवेदकको बाबु, आमा र बाजेको नाम उल्लेख गर्नुपर्नेछ ।

(ग) आवेदक विवाहित भएमा श्रीमान् वा श्रीमतीको नाम उल्लेख गर्नुपर्नेछ ।

(घ) आवेदकको स्थायी ठेगाना उल्लेख गर्नुपर्नेछ ।

(ङ) आवेदकको सम्पर्क ठेगाना र टेलिफोन वा मोबाइल नम्बर उल्लेख गर्नुपर्नेछ ।

